Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १९, अंक- ८, २०८३ साल भदौ ३० गते मंगलबार (15 September, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वएैच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

# प्रधानमन्त्री यहि हप्ता अमेरिका जाने



नेपालका प्रधानमन्त्री बालेन्द्र शाह राष्ट्रसंघको महासभामा भाग लिन यहि हप्ता अमेरिकमा जादैछन् । नेपालको प्रतिनिधित्व गर्दै अमेरिकाको न्यूयोर्कमा हुने महासभामा नेपालले जलवायु परिवर्तनको लागि कुनै असर पुग्ने काम नगरेपनि हालसालै चिनको तिब्बत क्षेत्रमा आएको हिम पैरोका कारण नेपाल भएर बग्ने भोटेकोशीको बाढीले झण्डै दुई हजारको हाराहारीमा नेपाली नागरिकहरुको लास भेटिने अवस्थामा पुगिसकिएको छ । लगभग ४ हजार भन्दा बढी अझै हराईरहेका छन् । त्यसैले ज्यान गुमाउनेको संख्या एकिन छैन । तर बढ्ने सम्भावन धेरै छ । यिनै विषयमा विश्वका शक्तिशाली राष्ट्र भनेर चिनिदै आएका र बम, बारुद्ध, हतियार उत्पादन गरेर युद्ध गर्ने देशहरु ठुल ठूला बम पड्काउने देशहरु ठुला ठूला उद्योग कलकारखाना सञ्चालन गर्ने देशहरुले वातावरणमा प्रतिकुल असर पुऱ्याउने कार्य गरिरहेको हुनाले नेपाल जस्ता प्राकृतिक रुपमा डाडा, काडा भएका देशमा बाढी, पैरो, हिमालमा तापक्रम बढेर विनासकारी प्राकृतिक बिपत्तिहरु आउने गरेका छन् । यस्ता समस्या त्यस महासभामा विश्वका राष्ट्र प्रमुखहरुको सम्मेलनमा नेपालका प्रधानमन्त्रीले कुटनैतिक ढंगवाट पेश गर्ने र ति वातावरणमा असर पुऱ्याउने काम गर्ने राष्ट्रहरुलाई क्षतिपुर्ति व्याहोर्न लगाउने गरी प्रस्ताव पेश गर्न हिच्किचाउनु हुदैन ।

नेपाल बाढीले थलिएको देश मात्र होइन इमानदार नागरिकहरुको देश प्रकृतिक, सांस्कृतिक, धार्मिक हरेक क्षेत्रमा त्यातिकै सम्भावना भएको देश हो । यहाको प्राकृतिक सुन्दरता, नेपाली मौलिकता, नेपाली समुदायको अन्य राष्ट्रवाट आउने पर्यटक पाहुनाहरुको लागि नेपालीहरुले गर्ने हार्दिकता अत्यन्तै संस्कारयुक्त रहेका छन् । त्यही सस्कारयुक्त बसोबास गर्ने नेपालीहरुको देश नेपाल हो । यस देशको परिचय विश्वमा सही ढंगवाट प्रचारमा लैजान संयुक्त राष्ट्रसंघको महासभा नेपालका लागि एउटा अवसर पनि हो ।

नेपाल बीर गोखालीहरुको देश, नेपाल सगरमााथ सहित झण्डै विश्वका ८ ओटा अग्ला हिमाल र सयौ हिमालहरु नेपालमा भएको देश, खोला, नदी, धेरै भएको, जलसम्पदा अत्याधिक उत्पादन गरेर सदुपयोग गर्न सक्ने देश,

»बाकी ६ पृष्ठमा

## अबका प्रतिगामी र स्वतन्त्रताविरोधी कदम लामो समयका लागि हुादैनन् : ओली



काठमाडौं- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अब स्वतन्त्रताविरोधी कदम लामो समय नटिक्ने टिप्पणी गरेका छन् । आइतबार छापा पत्रकारहरूको ज्ञापनपत्र बुझ्दै ओलीले यस्तो बताएका हुन् ।

'अबका प्रतिगामी कदमहरू, अबका संकीर्णतावादी कदमहरू, अबका स्वतन्त्रताविरोधी कदमहरू लामो समयका लागि हुनै सक्दैनन्,' ओलीले भने । त्यसकारण धैर्यता राखिदिन उनले छापा माध्यमका पत्रकारसँग आग्रह गरे ।

'अलिकति धैर्यताका साथ, तर पर्खेर बस्ने होइन,' उनले भने, 'लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएको एउटा कविता छ साँढे भन्ने- नलडी कोही हुन्न विजेता । तपाईंहरूले नलडेर

»बाकी ६ पृष्ठमा

### कुलमान घिसिङको टिप्पणी

## विपद्पछि गर्नुपर्ने काममा सरकार चुक्दा धेरै मानवीय क्षति भयो



काठमाडौं- सरकारले विपद्को सुरुवाती चरणमै गर्नुपर्ने पूर्वतयारी र व्यवस्थापन गर्न नसकेका कारण धेरै मानवीय क्षति भएको उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले टिप्पणी गरेका छन् ।

शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा सरकारले विपद्को सुरुवाती चरणमै गर्नुपर्ने पूर्वतयारी र व्यवस्थापन गर्न नसकेको तथा समयमै प्रभावकारी कदम चालेको भए धेरै मानवीय क्षति रोक्न सकिने उनले बताएका थिए ।

»बाकी ६ पृष्ठमा

## पार्किङदेखि बाढी नियन्त्रणसम्म : काठमाडौं महानगरको नयाँ योजना




काठमाडौं-काठमाडौं महानगरपालिकाले राजधानीको मुख्य सहरी क्षेत्रमा देखिँदै आएका पार्किङ अभाव र वर्षायाममा हुने सहरी बाढीको समस्या समाधानका लागि विभिन्न योजना अघि बढाएको छ ।

महानगरले न्युरोडस्थित नेपाल वायुसेवा निगम (एनएसी)को भवनलाई बहुस्तरीय पार्किङमा रूपान्तरण गर्न संघीय सरकारसँग अनुमति माग्नुका साथै सहरी बाढी नियन्त्रणका लागि 'रिचार्ज काठमाडौं' अभियान सञ्चालन गर्ने तयारी गरेको छ ।

काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले न्युरोडमा बढ्दै गएको पार्किङ समस्यालाई व्यवस्थापन गर्न एनएसी भवनलाई मल्टी स्टोरी पार्किङका रूपमा प्रयोग गर्न संघीय सरकारसँग विशेष अनुरोध गरिएको जानकारी दिएकी छन् ।

उनका अनुसार काठमाडौंको कोर क्षेत्रमा उपलब्ध जमिन सीमित रहेकाले नयाँ ठाउँ खोज्नुभन्दा भएका संरचना र स्थानको अधिकतम सदुपयोग गर्नुपर्ने आवश्यकता छ । एनएसी भवनलाई बहुस्तरीय पार्किङका रूपमा विकास

»बाकी ६ पृष्ठमा

### रसुवा बाढीमा बगेका पुलको कुल लम्बाइ २७९२ मिटर

काठमाडौं- रसुवागढी नाका हुँदै भोटेकोशी र त्रिशूली नदीमा आएको विनासकारी बाढीले कुल ३७ मोटरेबल पुलमा क्षति गरेको छ । सरकारले गठन गरेको रसुवा-भोटेकोशी बाढी २०८३ : द्रुत क्षति तथा आवश्यकता आंकलन प्रतिवेदन अनुसार यसमध्ये ३३ वटा पुल पूर्ण रुपमा बगेका छन् ।

पूर्ण रुपमा बगेका पुलको कुल लम्बाइ २ हजार ७९२ मिटर रहेको प्रतिवेदनमा उल्लेख छ । पुलको लम्बाइका हिसावले सबैभन्दा धेरै क्षति नुवाकोटमा भएको छ ।

नुवाकोटमा कुल १४ वटा पुल पूर्ण रुपमा बगेको र यसको लम्बाइ १४ सय ८० मिटर रहेको

»बाकी ६ पृष्ठमा

## पछिल्लो १० दिनमा चार लाख सिलिन्डर ग्यास वितरण



काठमाडौं- नेपाल आयल निगमले पछिल्लो २८ दिनमा ५२ हजार ७३७ मेट्रिक टन एलपी ग्यास आयात भएको जनाएको छ ।

उक्त परिमाणको ग्यास ३७ लाख १३ हजार ८९४ सिलिन्डर बराबर हो । इन्डियन आयल कर्पोरेसन -आईओसी) का विभिन्न रिफाइनरी तथा बोटलिङ प्लान्टबाट यही सेप्टेम्बर १० तारिखसम्म थप १९ हजार २१८ मेट्रिक टन ग्यास लोडिङ भइसकेको निगमका सहप्रवक्ता शिशिर सुवेदीले जानकारी दिए । नेपालमा मासिक करिब ४७ हजार मेट्रिकटन ग्यास खपत हुँदैआएको छ । हाल पृथ्वी राजमार्गअन्तर्गत कृष्णभिरको पहिरोका कारण मुख्य सडक अवरुद्ध भएकाले वैकल्पिक व्यवस्थामार्फत तराईका उद्योगमा ग्यास रिफिल गरी काठमाडौं उपत्यका तथा आसपासका जिल्लामा वितरण भइरहेको छ । यही भदौ १८ गतेदेखि २७ गतेसम्ममा

»बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ८,
२०८३ साल भदौ ३० गते मंगलबार
15 SEPTEMBER 2026, TUESDAY

...मान्छ कसैल पनि कर्म लियर आएका हुदैन । सिर्जना गरमात्र भाग्य, रुप सुन्दर हुन्छ । माहन कार्की

## सम्पादकीय

# कृषि मल कारखाना छिटो खोल ।

नेपालमा रासायनिक मल कारखाना छिटो स्थापना गर्नुपर्ने दाईत्व नेपाल सरकारको हो । डा. बाबुराम भट्टराईको अर्थमन्त्री हुदानै अध्ययन भएर बसेको योजना आजसम्म पनि कार्यन्वयनमा नआउनु दुखको विषय हो । यतिवेला जेन्जी विद्रोहवाट १८२ सिटसहितको स्पष्ट बहुमत भएको सरकार छ । यो सरकारले जनता र देशको हितमा हुने निर्णयहरु एकलौटी रुपमा गर्न सक्छ । यस्तो अवसर संसारमा नै विरलै हुने गर्दछ । देश र जनताको हितमा हुने कार्यहरु विगतका सरकारहरु एक-अर्को पार्टी मिलेर बनेका कारण एउटा पार्टीले गर्नुपर्छ भन्दा अर्को पार्टीको मन्त्रीले वा त्यस पार्टीलाई सञ्चालन गर्ने अर्को कुनै वाहिय शक्तिले रोकावट गरेका कारण नेपालको रासायनिक मल कारखाना स्थापनाको विषय पर पर धकेलिदै आएको छ । नेपालमा लगभग वार्षिक ५ लाख २० हजार मेट्रिक टन रासायनिक मल खपत हुन्छ । तीन मौसममा फरक-फरक मात्रामा मल प्रयोग हुने कृषि वन तथा पर्यावरण मन्त्रालयको तथ्याङकमा देखिन्छ । जेठदेखि असोजमा उत्पादन हुने धान, चिया, उखु, तरकारी खेतीका लागि २ लाख ४९ हजार मेट्रिक टन रासायनिक प्रयोगमा आउने गरेको छ । यस्तै, कात्तिकदेखि पुससम्म गहुँ, उखु, तरकारी आदि बालीका लागि १ लाख ७७ हजार मेट्रिक टन मल प्रयोग हुन्छ । माघदेखि वैशाखसम्म चैते धान, मकै, तरकारी बालीमा ९४ हजार मेट्रिक टन मल प्रयोग हुन्छ । वर्षभरीमा युरिया ३ लाख १० हजार मेट्रिक टन, डीएपी १ लाख ९० हजार मेट्रिक टन र पोटास २० हजार मेट्रिक टन प्रयोग हुदै आएको छ । जेठदेखि असोज महिनामा उत्पादन हुने बालीमा युरिया १ लाख ६० हजार मेट्रिक टन, डीएपी ९० हजार मेट्रिक टन र पोटास ९ हजार मेट्रिक टन गरी २ लाख ४९ हजार मेट्रिक टन रासायनिक मल प्रयोग हुदै आएको छ । कात्तिकदेखि पुस महिनामा उत्पादन हुने बालीमा युरिया १ लाख मेट्रिक टन, डीएपी ६० हजार मेट्रिक टन र पोटास ७ हजार मेट्रिक टन गरी १ लाख ७७ हजार मेट्रिक टन रासायनिक मल प्रयोग हुने गर्दछ ।

माघदेखि वैशाखसम्म हुने बालीमा युरिया ५० हजार मेट्रिक टन, डीएपी ४० हजार मेट्रिक टन र पोटास ४ हजार मेट्रिक टन गरी कुल ९४ हजार मेट्रिक टन मल प्रयोग हुन्छ ।

सरकारले २०८३/८४ का लागि ३२ अर्ब ४६ करोड विनियोजित गरेको छ । वार्षिक रुपमा यतिधेरै रकम विदेश जाने र कृषि प्रधान देश भनेर रटाई रटाई पढाउने नेपालमा कृषको लागि चाहिने रासायनिक मलको कारखाना समेत नहुनु विडम्बना नै मान्नुपर्छ । त्यसकारण ५/६ वर्ष मल किन्ने पैशा एकैपटक लगानी गरेर रासायनिक मल कारखाना स्थापना गरेर नेपालका किसानलाई प्रत्येक वर्ष समयमा रासायनिक मल वितरण गरेर उत्पादन बढाउन सकिन्छ । यो काम सरकारले चाडै गरोस् ।

# उद्योगहरू बन्द तर बहस अधुरो



■ सञ्जय कँडेल

**नेपालले अब विगतमा बन्द भएका उद्योगको हिसाब मात्र होइन, ती उद्योगको ठाउँमा नयाँ उद्योग किन आएनन् भन्ने हिसाब खोज्नुपर्छ । किनकि औद्योगिक राष्ट्रको शक्ति पुराना कारखाना जोगाएर मात्र बन्दैन, बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने नयाँ उत्पादन, नयाँ प्रविधि र नयाँ रोजगारी सिर्जना गरेर बन्छ ।**

नेपालमा उद्योग बन्द भयो कि बहस शुरु हुन्छ- दोष कसको ? सरकारको, राजनीतिक दलको, निजीकरणको कि व्यवस्थापनको ? तर नेपालको औद्योगिक इतिहासलाई केही राजनीतिक निर्णयमा मात्र सीमित गरेर हेर्दा यसको ठूलो आर्थिक पाटो छुट्छ । उद्योग बन्द हुनुका पछाडि राज्यको नीति मात्र होइन, कच्चा पदार्थ, उत्पादन लागत, बजार, प्रविधि, श्रम, यातायात, उपभोक्ताको क्रयशक्ति र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाजस्ता धेरै कारण जोडिएका हुन्छन् ।

**निजीकरणको शुरुवात**

नेपालमा सरकारी उद्योग निजीकरण गर्ने नीति बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि तीव्र रूपमा अघि बढ्यो । २०४८/४९ सालतिर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले आर्थिक उदारीकरणलाई प्राथमिकता दिँदै सार्वजनिक संस्थान सुधार र निजी क्षेत्रको भूमिका विस्तार गर्ने नीति अघि बढायो ।

यसलाई केवल नेपाली राजनीतिको आफ्नै प्रयोगका रूपमा बुझ्न मिल्दैन । त्यति बेला विश्वभर सरकारको प्रत्यक्ष स्वामित्वमा रहेका उद्योगलाई सुधार गर्ने, निजी क्षेत्रलाई बढी भूमिका दिने र घाटामा रहेका सार्वजनिक संस्थानको पुनर्संरचना गर्ने नीति फैलिँदै थियो । विश्व बैंकका अध्ययनहरूले पनि १९९० को दशकमा सार्वजनिक संस्थान सुधार र निजीकरणलाई विश्वव्यापी आर्थिक सुधारको महत्वपूर्ण हिस्सा मानिएको देखाउँछन् । अर्थात् नेपालले निजीकरणको बाटो समातेको समय विश्व अर्थतन्त्र नै राज्य-नियन्त्रित उत्पादनबाट बजारमुखी र निजी क्षेत्रको नेतृत्वतर्फ परिवर्तन भइरहेको समय थियो ।

**नेपालको बाटो असहज**

निजीकरणपछि नेपालले लामो राजनीतिक संक्रमणको सामना गर्‍यो । माओवादी सशस्त्र द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, राजतन्त्रको अन्त्य, संविधान निर्माणका लागि भएका राजनीतिक संघर्ष, मधेस तथा क्षेत्रीय आन्दोलन, नयाँ राजनीतिक शक्तिको उदय र पटक-पटकको सरकार परिवर्तनले देशको लगानी तथा उत्पादन वातावरणलाई प्रभावित गरे ।

द्वन्द्वका समयमा उद्योग सञ्चालनमा अवरोध आए । लगानीको जोखिम बढ्यो । उत्पादन, ढुवानी र आपूर्ति प्रणाली प्रभावित भयो । त्यसपछि पनि राजनीतिक अस्थिरताका कारण उद्योगका लागि आवश्यक दीर्घकालीन नीति र स्थिर लगानी वातावरण निर्माण गर्न कठिन भयो । तर यहाँ एउटा कुरा छुटाउन हुँदैन- राजनीतिक अस्थिरता उद्योग बन्द हुनुको एउटा कारण हुन सक्छ, तर सबै उद्योग बन्द हुनुको एउटै कारण भने होइन ।

**उद्योग किन टिक्न सकेनन् ?**

नेपालका धेरै पुराना सरकारी उद्योगको समस्या निजीकरण शुरु हुनुभन्दा पहिल्यै देखिएको थियो । कतिपय उद्योग लगातार घाटामा थिए । पुरानो प्रविधि, जीर्ण मेसिनरी, कमजोर व्यवस्थापन, बढी सञ्चालन खर्च, कम उत्पादकत्व र श्रमसम्बन्धी समस्याले उत्पादनलाई महँगो बनाइरहेका थिए । त्यसमाथि नेपालको भूगोलले उद्योगलाई अर्को चुनौती दिन्छ । कच्चा पदार्थ उत्पादन हुने ठाउँदेखि कारखानासम्म र कारखानाबाट बजारसम्म सामान पुर्‍याउँदा ढुवानी खर्च बढ्छ । देशभित्र कच्चा पदार्थ पर्याप्त नभए आयात गर्नुपर्छ । आयातमा निर्भर कच्चा पदार्थ, ऊर्जा र अन्य सामग्री महँगो हुँदा उत्पादन लागत बढ्छ । त्यसपछि आउँछ बजार ।

उद्योगले उत्पादन गरेर मात्र हुँदैन, त्यो उत्पादन किन्ने ग्राहक पनि चाहिन्छ । नेपालको जनसंख्या ठूलो भए पनि औसत क्रयशक्ति विकसित मुलुकको तुलनामा कम छ । बजार सीमित छ भने उद्योगले ठूलो परिमाणमा उत्पादन गरेर लागत घटाउन सक्दैन । उत्पादन महँगो हुँदा भारत, चीनलगायतका देशबाट आउने तुलनात्मक रूपमा सस्ता वस्तुसँग प्रतिस्पर्धा गर्न झन् कठिन हुन्छ । यसमा दक्ष जनशक्तिको कमी, आधुनिक प्रविधिमा पर्याप्त लगानी नहुनु र व्यवस्थापन कमजोर हुनु- यी समस्या थपिँदा उद्योगको प्रतिस्पर्धात्मक क्षमता झन् घट्छ ।

**बेलायत र अमेरिकाको सवाल**

अब नेपालको अवस्थालाई बेलायत र अमेरिकासँग तुलना गरौँ । बेलायतको कुरा गर्दा यो मुलुक उद्योगको जन्मभूमि हो तर यहाँ पनि धेरै उद्योग बन्द भए । बेलायत औद्योगिक क्रान्तिको केन्द्र थियो । कपडा, कोइला, फलाम र स्टिल उद्योगले लामो समयसम्म बेलायती अर्थतन्त्र र रोजगारी धानेको थियो । तर विश्वबजार परिवर्तन भयो । उत्पादनका नयाँ प्रविधि आए । अन्य देशले कम लागतमा उत्पादन गर्न थाले ।

उपभोक्ताको माग र उत्पादनको स्वरूप पनि परिवर्तन भयो । परिणामस्वरूप बेलायतले पनि ठूलो औद्योगिक रोजगारी गुमायो । उत्पादन क्षेत्रमा रोजगारी सन् १९७० को करिब ८६ लाखबाट २०१६ सम्ममा करिब ३० लाखमा झरेको तथ्यांक उद्धृत गरिन्छ । हुन त बेलायतका पुराना उद्योग कमजोर भएपछि अर्थतन्त्र नै भने रोकिएन । प्रविधि, वित्तीय सेवा, अनुसन्धान, उच्च मूल्यका उत्पादन र अन्य सेवा क्षेत्रमा नयाँ अवसर विस्तार गर्‍यो ।

यता अमेरिकाको कथा पनि त्यस्तै छ । यहाँका कारखाना बन्द भए पनि अर्थतन्त्र भने अघि बढ्यो । अमेरिकाको औद्योगिक इतिहास पनि यस्तै छ । स्टिल, कपडा, मोटरगाडी र मेसिनरी उद्योगले दशकौँसम्म अमेरिकी श्रमिक वर्गलाई रोजगारी दिए । तर प्रविधि, स्वचालन र अन्तर्राष्ट्रिय व्यापारमा आएको परिवर्तनले उत्पादन क्षेत्रमा ठूलो रोजगारी घटायो । अमेरिकी श्रम तथ्यांकअनुसार उत्पादन क्षेत्रमा रोजगारी सन् १९७९ को उच्चतम बिन्दुबाट २०१९ सम्ममा ६७ लाख अर्थात् ३५ प्रतिशतले घटेर १ करोड २८ लाखमा पुगेको थियो ।

अमेरिकी फेडरल रिजर्भको अनुसन्धानले सन् २००१ पछि उत्पादन रोजगारीमा आएको तीव्र गिरावटमा अन्तर्राष्ट्रिय व्यापारमा आएको परिवर्तनसँग महत्वपूर्ण सम्बन्ध देखाएको छ । अर्थात् अमेरिकी उद्योगमा आएको परिवर्तनलाई पनि एउटा राजनीतिक दल वा एउटै निर्णयले मात्र व्याख्या गर्न सकिँदैन ।

**जापान र चीनको अनुभव अझ फरक**

जापानले पनि औद्योगिक संरचनामा ठूलो परिवर्तन गर्‍यो । पुराना उद्योग र उत्पादन प्रणालीलाई समयअनुसार प्रविधि, उत्पादकत्व र उच्च मूल्यका उत्पादनतर्फ रूपान्तरण गर्दै लग्यो । जापानको अनुभवले एउटा कुरा देखाउँछ- पुरानो उद्योग टिकेन भने त्यसलाई जस्ताको तस्तै बचाइराख्नु मात्र समाधान होइन, उद्योगलाई नयाँ प्रविधि र नयाँ बजारअनुसार रूपान्तरण गर्नु आवश्यक हुन्छ ।

चीनको अनुभव भने अझ रोचक छ । चीनले पनि १९९० को दशकमा आफ्ना सरकारी स्वामित्वका उद्योगमा ठूलो पुनर्संरचना गर्‍यो । विश्व बैंकका अनुसार त्यस क्रममा करिब ३ करोड सरकारी उद्योगका कर्मचारीले रोजगारी गुमाए, जुन सरकारी उद्योगको तत्कालीन श्रमशक्तिको झन्डै आधा थियो । तर चीनले त्यसै समयमा निजी क्षेत्र, निर्यात, विदेशी लगानी, उत्पादन प्रविधि र विश्व बजारसँगको एकीकरणलाई तीव्र बनायो । सन् १९९० को दशकमा आर्थिक तथा सरकारी उद्योग सुधारले गति लिएको विश्व बैंकको अध्ययनले पनि उल्लेख गर्छ ।

**त्यसो भए नेपालमा दोष कसको ?**

यहीँबाट नेपालको राजनीतिक बहस शुरु हुन्छ । सरकारी उद्योग निजीकरण गर्ने निर्णय राजनीतिक नेतृत्वले गरेको हो । त्यसैले नीति बनाउने सरकारको जिम्मेवारीलाई नकार्न मिल्दैन । निजीकरणपछि उद्योगको अवस्था कस्तो भयो, नयाँ लगानी आयो कि आएन, प्रविधि थपियो कि थपिएन र सरकारले प्रभावकारी अनुगमन गर्‍यो कि गरेन ? भन्ने प्रश्नमा तत्कालीन तथा त्यसपछिका सरकार सबैमाथि प्रश्न उठ्न सक्छ । तर 'नेपालका उद्योग नेपाली कांग्रेसले बन्द गर्‍यो' भन्ने निष्कर्ष मात्र पर्याप्त छैन ।

किनभने निजीकरणपछि नेपालमा एउटै दलको सरकार मात्र थिएन । देशले माओवादी द्वन्द्वदेखि गणतन्त्रसम्म, संविधान निर्माणदेखि संघीय राजनीतिक संरचनासम्म लामो संक्रमण पार गर्‍यो । यस अवधिमा विभिन्न दलका सरकार आए र उद्योगले पनि विश्व बजार, प्रविधि र उत्पादनको बदलिँदो प्रतिस्पर्धा सामना गरे । त्यसैले उद्योग बन्द भएको कारण खोज्दा राजनीतिक निर्णयसँगै आर्थिक वास्तविकतालाई पनि हेर्नुपर्छ ।

**नेपालले उद्योग मात्र गुमाएन**

आज नेपालमा पुराना उद्योगका भवन र नामहरू बाँकी भए पनि धेरै ठाउँमा उत्पादन छैन । यसको अर्थ केवल केही कारखाना बन्द भए भन्ने होइन । उद्योगसँगै रोजगारी, सीप, स्थानीय बजार, आपूर्ति शृङ्खला र उत्पादनको एउटा पूरा संरचना कमजोर भएको हो । तर यसको अर्को पाटो पनि छ । नेपालले पुराना उद्योग बन्द भएपछि नयाँ उद्योगका लागि पर्याप्त वातावरण बनाउन सकेन भने समस्या निजीकरणमा मात्र सीमित रहँदैन ।

बन्द कारखाना फेरि खोल्नु मात्रै औद्योगिकीकरण होइन । नयाँ पुस्ताको उद्योग कहाँबाट आउँछ भन्ने प्रश्न अझ महत्वपूर्ण हो ।

नेपालमा सस्तो कच्चा पदार्थ कहाँबाट आउँछ ? ऊर्जा र ढुवानी लागत कसरी घटाउने ? दक्ष जनशक्ति कसरी तयार गर्ने ? नेपाली उद्योगले भारत, चीन र विश्व बजारसँग कसरी प्रतिस्पर्धा गर्ने ? नेपाली उत्पादनलाई ठूलो बजार कसरी दिने ? यी प्रश्नको उत्तर खोज्न नसक्दा पुरानो उद्योग बचाए पनि नयाँ समस्या फेरि दोहोरिन सक्छ ।

**निष्कर्ष**

विश्वको औद्योगिक इतिहास हेर्दा एउटा तथ्य स्पष्ट हुन्छ- उद्योगहरु बन्द हुनु नेपालमा मात्र भएको घटना होइन । बेलायतले आफ्नो पुरानो औद्योगिक शक्ति गुमायो, अमेरिकाले ठूलो उत्पादन रोजगारी गुमायो, जापानले औद्योगिक संरचना परिवर्तन गर्‍यो र चीनले लाखौँ सरकारी उद्योगका श्रमिकलाई पुनर्संरचनाको कठिन प्रक्रियाबाट गुजार्‍यो । फरक यति हो- कसैले पुरानो उद्योग बन्द भएपछि नयाँ उद्योग र नयाँ आर्थिक क्षेत्र निर्माण गर्‍यो, कसैले त्यसो गर्न सकेन ।त्यसैले नेपालको औद्योगिक बहस अब 'कुन पार्टीले उद्योग बन्द गर्‍यो ?' भन्ने आरोपमा मात्र सीमित हुनुहुँदैन । राजनीतिक निर्णयको जिम्मेवारी आफ्नो ठाउँमा छ, तर उद्योगको भविष्य निर्धारण गर्ने कच्चा पदार्थ, लागत, बजार, प्रविधि, जनशक्ति, यातायात, क्रयशक्ति र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा पनि उत्तिकै महत्वपूर्ण छन् ।

नेपालले अब विगतमा बन्द भएका उद्योगको हिसाब मात्र होइन, ती उद्योगको ठाउँमा नयाँ उद्योग किन आएनन् भन्ने हिसाब खोज्नुपर्छ । किनकि औद्योगिक राष्ट्रको शक्ति पुराना कारखाना जोगाएर मात्र बन्दैन, बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने नयाँ उत्पादन, नयाँ प्रविधि र नयाँ रोजगारी सिर्जना गरेर बन्छ ।

**(लेखक काडेल हाल बेलायतमा कार्यरत हुनुहुन्छ ।)**

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# विपद्मा अभिभावक गुमाएका बालबालिकाको दीर्घकालीन स्याहारको जिम्मेवारी सरकारले लिने

काठमाडौं- महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले भोटेकोशी विपद्का कारण अभिभावक गुमाएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको दीर्घकालीन स्याहारको जिम्मेवारी सरकारले लिने बताएकी छन् ।



राष्ट्रिय बाल दिवस २०८३ को अवसरमा शुभकामना सन्देश जारी गर्दै मन्त्री वादीले भोटेकोशी बाढीबाट धेरै परिवार प्रभावित भएको र कतिपय बालबालिकाले आफ्ना प्रियजन गुमाउनुका साथै घाइते भएर उपचाररत रहेको बताएकी हुन् ।

परिवारबाट छुट्टिएका तथा संरक्षणको पर्खाइमा रहेका बालबालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग र परिवारसँग पुनर्मिलनलाई सरकारले उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ । मन्त्री वादीले अभिभावक गुमाएका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको संरक्षण गर्नु सरकारको जिम्मेवारी भएको उल्लेख गर्दै मन्त्रालयले उक्त जिम्मेवारी संवेदनशीलता र प्रतिवद्धताका साथ पूरा गर्ने बताइन् ।

केन्द्रमार्फत आवास, खानपिन, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, परिवारको खोजी तथा पारिवारिक पुनर्मिलनलगायत सेवा उपलब्ध गराइनेछ ।

साथै बालबालिकाको दीर्घकालीन संरक्षण आवश्यकताको पहिचान गरी उपयुक्त व्यवस्था गरिने उनले बताइन । बाढी प्रभावित क्षेत्र तथा होल्डिङ सेन्टरमा रहेका बालबालिकाको गोपनीयता, मर्यादा र सुरक्षालाई प्राथमिकता दिइएको मन्त्री वादीले बताइन् ।

प्रभावित जिल्लाका स्थानीय तह तथा बालबालिका राखिएका स्थानमा उनीहरूको अवस्था, पहिचान, विस्तृत लेखाजोखा र आवश्यक संरक्षण सेवाका लागि सहजीकरण टोली परिचालन गरिएको पनि उनले जानकारी दिइन् ।

विपद्मा आमाबुवा गुमाएका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाका लागि सरकारले दीर्घकालीन स्याहार योजना कार्यक्रम कार्यान्वयनमा ल्याएको उल्लेख गर्दै मन्त्री वादीले कुनै पनि बालबालिकाले आफूलाई एक्लो र असुरक्षित महसुस गर्नुपर्ने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गरिन् ।

उनले बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, बेचबिखन तथा असुरक्षाबाट जोगाउनु सरकार मात्र नभई अभिभावक, विद्यालय, समुदाय, सञ्चारमाध्यम, नागरिक समाज, निजी क्षेत्र तथा बाल अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाको साझा दायित्व भएको बताइन् ।

मन्त्री वादीले भनेकी छन्, 'यस वर्ष भोटेकोशी बाढीका कारण हामी पीडादायी परिस्थितिमा यो दिवस मनाइरहेका छौं । बाढी तथा विपद्का कारण ज्यान गुमाउनुभएका बालबालिकाप्रति भावपूर्ण श्रद्धाञ्जली तथा घाइते बालबालिकाको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु। बालबालिका राष्ट्रका भविष्य हुन्। विपद्मा अभिभावक गुमाएका, परिवारबाट छुट्टिएका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको उद्धार, उपचार, मनोसामाजिक सहयोग, परिवार खोजी तथा पुनर्मिलनका लागि सरकार उच्च प्राथमिकताका साथ कार्यरत छ। त्यस्ता बालबालिकाको दीर्घकालीन संरक्षणको जिम्मेवारी सरकारले लिनेछ ।'

# बलात्कार, यौन हिंसा र साइबर बुलिङ अन्त्यका लागि संसद्मा संकल्प प्रस्ताव

काठमाडौं । महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र पछिल्लो समय बढ्दै गएको साइबर बुलिङ अन्त्य गर्न संसद्मा संकल्प प्रस्ताव पेश भएको छ ।

नेकपा एमालेकी सचेतक निता घतानी प्रस्तावक रहेको संकल्प प्रस्तावमा सांसदहरू श्रद्धा कुँवर क्षेत्री, अम्बिकादेवी संग्रौला, रेनुका काउचा, खुश्बु ओली, बलावती शर्मा र पार्वती विक समर्थक रहेका छन् ।

प्रस्तावमा महिला तथा बालिकामाथि हुने यौन हिंसा, बलात्कार, हत्या तथा साइबर अपराधका घटना निरन्तर सार्वजनिक भइरहेकाले यसको प्रभावकारी नियन्त्रणका लागि राज्यका संयन्त्रलाई थप जिम्मेवार बनाउनुपर्ने माग गरिएको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक तथा धारा ३८ र ३९ ले महिला र बालबालिकाको अधिकार सुनिश्चित गरेको छ । तर संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि महिला र बालिकामाथि हिंसाका घटना भइरहनु गम्भीर



श्री सचिव,
प्रतिनिधि सभा।

प्रतिनिधि सभा नियमावली २०८३ को नियम ७९ बमोजिम देहायको बमोजिमको संकल्प प्रस्तावमाथि छलफल गर्न यो सूचना दिएको छु।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने (धारा १६), स्वतन्त्रता (धारा १७), समानता (धारा १८), बालबालिकाको हक (धारा ३९) तथा महिलाको हक (धारा ३८) मार्फत हिंसा वा शोषणविरुद्धको अधिकार मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। तर, व्यवहारमा महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराध जस्ता घटना निरन्तर वृद्धि भइरहनु गम्भीर चिन्ताको विषय हो।

बालिका तथा किशोरीमाथि हुने यौन अपराधले उनीहरूको मानसिक, शारीरिक र भविष्यमा दीर्घकालीन असर पारिरहेको छ। अर्कोतर्फ, डिजिटल प्रविधिको विस्तारसँगै साइबर बुलिङ, चरित्रहत्या जस्ता नयाँ प्रकृतिका अपराधले महिलाको सम्मान र गोपनीयतामा गम्भीर आघात पुऱ्याएका छन्।

यस सन्दर्भमा देहाय बमोजिमको संकल्प प्रस्ताव प्रस्तुत गर्दछु।

सम्बन्धित मन्त्रालय:
१. गृह मन्त्रालय,
२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।

प्रस्तावक:
हस्ताक्षर:-
नाम, थर:- नीता घतानी
सदस्य क्रमसंख्या:-

समर्थक:
हस्ताक्षर:-
नाम, थर:-
सदस्य क्रमसंख्या:-

मिति:- २०८३/०५/१०

चुनौती भएको प्रस्तावमा उल्लेख छ ।

विशेषगरी बालिका तथा किशोरीमाथि हुने यौन अपराधले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यसँगै भविष्यमा समेत दीर्घकालीन असर पार्ने प्रस्तावमा जनाइएको छ । त्यस्तै डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै साइबर बुलिङ, चरित्रहत्या र गोपनीयतामाथि हुने आक्रमणजस्ता नयाँ प्रकृतिका हिंसा पनि बढिरहेको उल्लेख छ ।

संकल्प प्रस्तावमा बलात्कार तथा यौन हिंसाका घटनामा कानुनको प्रभावकारी कार्यान्वयन, पीडितलाई शीघ्र न्याय, सुरक्षा तथा पुनर्स्थापना सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ । साथै साइबर हिंसा नियन्त्रणका लागि विद्यमान कानुनी तथा संस्थागत संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने माग गरिएको छ ।

संविधानले मौलिक हकका रूपमा सुनिश्चित गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकार व्यवहारमै सुरक्षित हुन नसक्नु राज्य र समाज दुवैका लागि गम्भीर चिन्ताको विषय भएको प्रस्तावमा उल्लेख छ । महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सरकार, संसद्, न्यायिक निकाय तथा समाजका सबै पक्षबीच प्रभावकारी समन्वय आवश्यक रहेको प्रस्तावक सांसदहरूको भनाइ छ ।

# महाधिवेशनमा उत्साहपूर्वक सहभागी हुन कांग्रेसको आह्वान



ललितपुर । नेपाली काँग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको १५औँ महाधिवेशनमा उत्साहपूर्वक सहभागी हुन स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण पार्टी सदस्य, समर्थक तथा शुभेच्छुकलाई आह्वान गरेका छन् ।

महामन्त्री पौडेलले आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनलाई पार्टीको साङ्गठनिक तथा राजनीतिक जीवनको महत्त्वपूर्ण अवसरका रूपमा लिँदै सबै तहका अधिवेशनमा उत्साहजनक सहभागिता जनाउन आह्वान गरेका हुन् । आइतबार पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले सदस्यता वितरण, नवीकरण तथा अद्यावधिक प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्ने सबैलाई पार्टीले धन्यवाद ज्ञापन गरेको जानकारी दिए ।

उनले महाधिवेशन प्रक्रियामा कोही पनि क्रियाशील सदस्य छुट्न नहुने उद्देश्यले पटक पटक समयावधि थप गरिएको तथा वडा अधिवेशनको कार्यतालिका परिमार्जन गरिएको बताए ।

काँग्रेसले महाधिवेशनलाई महाउत्सवका रूपमा व्याख्या गर्दै पार्टीभित्र देखिएका असहमति र चासोलाई संवाद तथा सहमतिबाट सम्बोधन गर्न केन्द्रीय कार्यसमितिले निरन्तर पहल गरिरहेको उनको कथन छ ।

बैठकले महाधिवेशन पार्टीको सर्वोच्च निकाय भएकाले कुनै असहमति भएमा आफ्ना धारणा राख्ने र समाधान खोज्ने उपयुक्त स्थान महाधिवेशन नै भएको निर्णय गरेको छ । महाधिवेशनमा सबैलाई सहभागी हुने वातावरण बनाउन काँग्रेस प्रतिबद्ध रहेको निर्णय गरेको महामन्त्री पौडेलले जानकारी दिए ।

महाधिवेशनमा सहभागी हुने क्रियाशील सदस्यहरूको नामावली बैठकले स्वीकृत गरेको छ । यस्तै, केन्द्रीय अनुशासन समितिका संयोजक तारामान गुरुङले आफ्नो पदबाट दिएको राजीनामा'दयगत सभापति थापाले जानकारी गराएका थिए ।

आइतबारको बैठकमा सहमहामन्त्रीहरू फरमूल्लाह मन्सुर, डा । डिला सङ्ग्रौला पन्त र योगेन्द्र चौधरीसहित केन्द्रीय सदस्य अर्जुननर सिंह केसी, महेन्द्र यादव, जीवन परियार, सुरेन्द्रप्रसाद चौधरी, रमेश रिजाल, डा. चन्द्रकान्त भण्डारी, अमृत अर्याल, आङ्गेलु शेर्पा, दिनेशकुमार यादव, अब्दुल सत्तार, राजीव ढुङ्गाना, भरतकुमार शाह, प्रवक्ता देवराज चालिसे तथा मधेस प्रदेश सभापति कृष्णप्रसाद यादवले धारणा राखेका थिए ।

## रामेछाप डायरी

# रामेछापमा आत्महत्या रोकथामसम्बन्धी सचेतना कार्यक्रम




विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा रामेछापमा आत्महत्या रोकथामसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालय रामेछापको आयोजनामा मन्थली नगरपालिका-५ स्थित श्री भैरवी माध्यमिक विद्यालयमा आत्महत्या रोकथामसम्बन्धी प्रशिक्षण तथा सचेतना कार्यक्रम गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछापका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक सन्तुलाल प्रसाद जैसवारको कमाण्डमा खटिएको प्रहरी टोलीले विद्यालयमा आत्महत्या रोकथाम, मानसिक तनाव व्यवस्थापन तथा जोखिममा रहेका व्यक्तिलाई समयमै सहयोग गर्नुपर्ने विषयमा प्रशिक्षण दिएको थियो । कार्यक्रमका क्रममा आत्महत्याका जोखिमका संकेत पहिचान गर्ने, समस्या तथा तनावमा रहेका व्यक्तिसँग सकारात्मक व्यवहार गर्ने र आवश्यक परेमा सम्बन्धित निकायबाट सहयोग लिनेजस्ता विषयमा समेत जानकारी गराइएको प्रहरीले जनाएको छ ।

कार्यक्रममा सहभागी विद्यार्थी तथा समुदायका व्यक्तिहरूलाई आत्महत्या रोकथामसम्बन्धी सचेतनामूलक पर्चा-पम्प्लेट वितरणसमेत गरिएको थियो । विश्व आत्महत्या रोकथाम दिवस हरेक वर्ष सेप्टेम्बर १० तारिखमा मनाइन्छ । आत्महत्या रोकथामका लागि जनचेतना अभिवृद्धि गर्ने, मानसिक स्वास्थ्यका विषयमा खुलेर कुरा गर्ने वातावरण बनाउने र समस्यामा परेका व्यक्तिलाई सहयोग तथा साथ प्रदान गर्ने उद्देश्यले विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गरिँदै आएका छन् ।

# गोकुलगंगाका नागरिकले केएमसीमा उपचार गराउादा ५० प्रतिशतसम्म छुट पाउने

रामेछापका गोकुलगंगा गाउँपालिकाका नागरिकले काठमाडौं मेडिकल कलेज (केएमसी) का अस्पतालमा उपचार गराउँदा विशेष सहुलियत पाउने भएका छन् ।

गोकुलगंगा गाउँपालिका र काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेडबीच भएको सम्झौताअनुसार गाउँपालिकाका बासिन्दालाई सिनामंगल र भक्तपुरको दुवाकोटस्थित केएमसी अस्पतालमा उपचार गर्दा छुट सुविधा उपलब्ध हुने भएको हो । गाउँपालिकाले जारी गरेको सूचनाअनुसार गाउँपालिकामा बसोबास गर्ने स्वास्थ्य बीमा गरेका नागरिकले नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य उपचारसम्बन्धी सुविधा, स्वास्थ्य बीमा, आमा सुरक्षा, विपन्न नागरिक औषधि उपचार कोषलगायतका सुविधा उपयोग गरिसकेपछि सम्झौताअनुसार थप सहुलियत पाउनेछन् ।

स्वास्थ्य बीमामा आबद्ध नभएका तथा बीमा भए पनि बीमा क्रियाशील हुनुअघिको अवधिका बिरामीले समेत यो सुविधा पाउने गाउँपालिकाले जनाएको छ ।

सम्झौताअनुसार सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार गराउँदा २५ प्रतिशत र भक्तपुरको दुवाकोटस्थित केएमसी अस्पतालमा उपचार गराउँदा ५० प्रतिशत छुट उपलब्ध हुनेछ । छुट सामान्य उपचार तथा सम्झौतामा समेटिएका अस्पताल सेवामा लागू हुनेछ ।

सहुलियत लिन अस्पताल जाने बिरामीले गोकुलगंगा गाउँपालिका कार्यालय वा सम्बन्धित वडाको सिफारिससहित आफ्नो ठेगाना खुलेको परिचयपत्र र नागरिकताको प्रमाणपत्र लिएर जानुपर्नेछ । १६ वर्षमुनिका बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि अनिवार्य गरिएको छ । तर आईभीएफ, प्लास्टिक तथा कस्मेटिक सर्जरी, क्याबिनमा बसेर उपचार गर्ने सेवा, औषधि, इम्प्लान्ट, सर्जिकल तथा कन्सुमेबल सामग्रीलगायतका सेवामा छुट लागू हुने छैन ।

गाउँपालिकाको यो व्यवस्थाले आर्थिक अवस्था कमजोर भएका तथा काठमाडौंमा उपचारका लागि पुग्ने गोकुलगंगा गाउँपालिकाका नागरिकलाई उपचार खर्चमा राहत पुग्ने अपेक्षा गरिएको छ ।

# भोटेकोशी बाढीबाट विस्थापितलाई सरकारले सहायता रकम उपलब्ध गराउने

काठमाडौं- गत १० भदौमा आएको विनाशकारी बाढीबाट विस्थापित भएकाहरूलाई सरकारले सहायता रकम उपलब्ध गराउने भएको छ ।

गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भोटेकोशी बाढी प्रभावित परिवारहरूलाई स्थायी आवास निर्माण नभएसम्मका लागि आवास भाडा तथा अन्य आवश्यक खर्च व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय गरेको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले जानकारी गराएका छन् ।

यदि कुनै परिवारले यो सुविधा लिन नचाहेमा, सरकारले स्थायी आवास निर्माण नभएसम्म अस्थायी आवासको व्यवस्था गर्ने विकल्प पनि उपलब्ध गराएको पनि उनले जानकारी गराएका छन् ।

यस सम्बन्धमा आवश्यक विवरण संकलनका लागि सबै सम्बन्धित स्थानीय तहमा फारम पठाइसकिएको जानकारी मन्त्री तिमिल्सिनाले सामाजिक सञ्जालमार्फत गराएका छन् ।

सरकारले बाढीको प्रारम्भिक क्षति तथा नोक्सानी मूल्याङ्कन सम्पन्न गरिसकेको छ भने विस्तृत आवश्यकता मूल्यांकन प्रक्रिया जारी राखेको उनले बताएका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ८,
२०८३ साल भदौ ३० गते मंगलबार
15 SEPTEMBER 2026, TUESDAY

# रिइन्स्योरेन्सको व्यवस्था फेरौं : कमलेश अग्रवाल




काठमाडौं- नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले कोभिड-१९ पछि अर्थतन्त्रमा निरन्तर समस्या आएको बताएका छन् ।

शुक्रबार सेजनको साधारणसभाबाट उनले सरकारले ल्याएका १०० बुँदे योजनाले उत्साहित बनाए पनि लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको भनेका हुन् ।

'लगानीको वातावरण बनाउन निजामतीको प्रवृत्तिमा परिवर्तन ल्याउन जरूरी छ। सरकारले ७ दिनभित्र निर्णय गर्नुपर्ने भने पनि लामो समयसम्म कुर्नुपर्ने अवस्था छ । समयमै निर्णय हुँदैन,' उनले भने ।

कार्यक्रममा उनले रिइन्स्योरेन्सको अहिलेको व्यवस्था फेर्न जरुरी रहेको पनि बताए ।

'बीमा प्राधिकरणले रिइन्स्योरेन्समा विदेशमा गर्नुपर्ने जोखिमलाई नेपालमै गर्नुपर्ने व्यवस्था गरेको छ । यसले भोटेकोशीमा आएको बाढी जस्तो जोखिमलाई थेग्न सक्दैन,' उनको भनाइ थियो ।

# नेपाल टेलिकमको ब्रान्ड एम्बेसडरमा कुशल भुर्तेल र नीति शाह नियुक्त







काठमाडौं- नेपाल टेलिकमले आफ्नो ब्रान्ड प्रवर्द्धन, बजारीकरण तथा व्यावसायिक विस्तारलाई थप प्रभावकारी बनाउने उद्देश्यले नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रारम्भिक ब्याट्सम्यान कुशल भुर्तेल र चर्चित मोडल तथा नायिका नीति शाहलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ ।

कम्पनीद्वारा आयोजित छुट्टाछुट्टै कार्यक्रमका बिच गत २०८३ साउन २० गते क्रिकेट खेलाडी कुशल भुर्तेललाई र ३ भाद्र २५ गते नायिका नीति शाहलाई ब्रान्ड एम्बेसडर नियुक्त गरिएको छ ।

सो कार्यक्रममा आफ्नो धारणा राख्दै प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले खेलकुद र मनोरञ्जन क्षेत्रका स्थापित व्यक्तित्वहरूसँगको आबद्धताले युवा पुस्ता लगायत आम नागरिकसँग टेलिकमको सम्बन्ध अझ सुदृढ र प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले यी साझेदारीहरुले कम्पनीको सामाजिक छवि अभिवृद्धि गर्न, व्यवसाय प्रवर्द्धन गर्न तथा सेवासुविधाहरूको प्रचारप्रसारमा नयाँ ऊर्जा थप्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्नुभयो ।

नवनियुक्त ब्रान्ड एम्बेसडरद्वयले देशकै ठूलो र स्वदेशी लगानीको दूरसञ्चार संस्थासँग जोडिन पाउँदा आफूहरू गौरवान्वित र उत्साहित भएको बताउनुभयो ।

उहाँहरूले यस सम्झौताका लागि नेपाल टेलिकमप्रति आभार व्यक्त गर्दै आगामी दिनमा कम्पनीको सामाजिक छवि संरक्षण, सेवासुविधाको प्रवर्द्धन, बजारीकरणमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो ।

ब्रान्ड एम्बेसडरको रूपमा उहाँहरुले स्वदेश तथा विदेशमा रहनुभएका आम ग्राहकवर्गमा कम्पनीले हाल प्रदान गरिरहेका विभिन्न सेवा-सुविधाहरूको प्रचार-प्रसार तथा कम्पनीको ब्रान्ड प्रवर्द्धन सम्बन्धी कार्यहरूमा सक्रिय भूमिका निर्वाह गर्नु हुनेछ ।

# 'खल्ती होटल्स' औपचारिक रूपमा संचालनमा

काठमाडौं । आइएमई खल्ती लिमिटेड (खल्ती) ले 'खल्ती होटल्स' सेवा औपचारिक रूपमा संचालनमा ल्याएको छ । यस सेवामार्फत प्रयोगकर्ताले नेपालभरका ३०० भन्दा बढी ३ देखि ५ तारे होटलहरू खल्ती एपबाटै तुरुन्तै बुकिङ र भुक्तानीसमेत गर्न सक्ने कम्पनीले जनाएको छ ।

यो सेवा स्याफायर म्यानेजमेन्ट ग्रुपसँगको प्राविधिक साझेदारीमा संचालन गरिएको हो । बुकिङ प्रक्रिया पूर्ण रूपमा स्वचालित रहेको र भुक्तानी पुष्टि हुनासाथ प्रयोगकर्ताले तत्कालै बुकिङ कन्फर्मेसन प्राप्त गर्ने जनाइएको छ ।

आन्तरिक उडान तथा बस बुक गर्ने प्रयोगकर्ताले अब गन्तव्यमा बास बस्ने होटलसमेत बुक गर्न सक्ने भएकाले खल्ती अब भुक्तानी सेवामा मात्र सीमित नरही सम्पूर्ण यात्रा व्यवस्थापन गर्ने प्लेटफर्मका रूपमा विस्तार भएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

'यात्रा अझ सजिलो खल्ती मै' भन्ने अभियानका साथ सुरु भएको यस सेवाको अवसरमा खल्तीले सुरुवाती अफरसमेत सार्वजनिक गरेको छ । सुरुवाती अफर अवधिभर होटल बुक गर्ने प्रयोगकर्तामध्ये गोलाप्रथाद्वारा छानिएका २० जना भाग्यशाली विजेताले प्रतिबुकिङ अधिकतम १ हजार ५०० रुपैयाँसम्मको ५०५ क्यासब्याक प्राप्त गर्नेछन् ।

आईएमई खल्ती लिमिटेड का प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले भने, 'आन्तरिक पर्यटन बढ्दै गएको यस समयमा उडान, बस र होटल दुवै एउटै एपबाट बुक गर्न सकिने सुविधाले नेपाली यात्रुको अनुभवलाई थप सहज बनाउने र खल्ती होटल्स हाम्रो 'एउटै एपमा सम्पूर्ण यात्रा' भन्ने दीर्घकालीन लक्ष्यतर्फको महत्वपूर्ण कदम रहेको बताए ।' स्याफायर म्यानेजमेन्ट ग्रुपका निर्देशक आशिष प्रसाईले भने, 'खल्तीसँगको यस साझेदारीले नेपालका होटल व्यवसायीलाई १ करोडभन्दा बढी डिजिटल प्रयोगकर्तासम्म प्रत्यक्ष पहुँच दिनेछ भने यात्रुलाई भरपर्दो र प्रमाणित बासस्थानको सुनिश्चितता प्रदान गर्नेछ ।'




खल्ती होटल्स सेवा खल्ती एपको ट्राभल तथा इन्टरटेनमेन्ट खण्डमा उपलब्ध छ । बुकिङसम्बन्धी सहयोगका लागि प्रयोगकर्ता तथा होटल ब्यबसायी दुवैका लागि ग्राहक सहायता सेवा उपलब्ध रहने जनाइएको छ ।

# कामना सेवा विकास बैंकद्वारा विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण




काठमाडौं- कामना सेवा विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत श्री कुलेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न तथा गरिबीको रेखामुनि रहेका विद्यार्थीहरूलाई शैक्षिक तथा आवश्यक सामग्री वितरण गरेको छ ।

बैंकको शाखा कार्यालय कुलेश्वरमार्फत आयोजित कार्यक्रममा बैंकका काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्माले विद्यार्थीहरूलाई विद्यालय पोशाक तथा शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन् ।

विद्यार्थीहरूको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले बैंकले स्टेशनरी तथा अन्य शैक्षिक सामग्री, स्कुल ब्याग, स्कुल ड्रेस तथा हाउस ड्रेस, जुत्तालगायत आवश्यक सामग्री वितरण गरेको हो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भानुभक्त बिष्टले विद्यालयका विपन्न तथा गरिब विद्यार्थीहरूको शैक्षिक आवश्यकतालाई ध्यानमा राख्दै बैंकले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरे । उनले यस्ता सहयोगले विद्यार्थीहरूलाई अध्ययनप्रति थप हौसला प्रदान गर्नुका साथै विद्यालयको शैक्षिक वातावरणमा समेत सकारात्मक प्रभाव पार्ने बताए ।

विद्यार्थीहरूलाई सामग्री हस्तान्तरण गर्दै बैंकका काठमाडौं क्षेत्र प्रमुख शर्माले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको बताए । आर्थिक अभावका कारण आवश्यक शैक्षिक सामग्रीबाट वञ्चित विद्यार्थीहरूलाई गरिएको सहयोगले उनीहरूको पठनपाठनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास उनले व्यक्त गरे । बैंकले आगामी दिनमा पनि आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा लगायत विभिन्न क्षेत्रमा सामाजिक उत्तरदायित्वमूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# अर्थतन्त्र सुधारबारे खुला छलफल गरौं: अन्जन श्रेष्ठ




काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अन्जन श्रेष्ठले १०० खर्बको अर्थतन्त्र र ३ हजार प्रतिव्यक्ति आय पुऱ्याउने सरकारको लक्ष्यमा निजी क्षेत्रको साथ रहेको बताएका छन् ।

शुक्रबार सेजनको साधारणसभामा उनले सरकारलाई अर्थतन्त्र सुधारमा निजी क्षेत्रको साथ रहने बताएका हुन् ।

त्यसक्रममा उनले हाल रोजगारी र उपभोगको लागि निर्भर रहनुपर्ने बाध्यता रहेको बताए । यो अवस्थालाई हटाउँदै अर्थतन्त्र विस्तारको लक्ष्य पूरा गर्न सरकारले घनिभूत छलफल गर्नुपर्ने बताए ।

'नेपालले आयात गर्ने कतिपय वस्तुहरू आन्तरिक उत्पादन बढाएर निर्यात प्रतिस्थापन गर्न सकिन्छ । त्यस्ता सम्भाव्य भएका क्षेत्रमा सहुलियत दिएर अगाडि बढ्नुपर्छ । औद्योगिकिकरणलाई नयाँ तरिकाले सोच्नुपर्छ । आयात गर्नेहरूलाई नै यही उत्पादन गर्ने गरि प्रोत्साहित गर्नुपर्छ,' उनले भने ।

उनले अर्थतन्त्र सुधारको विषय सरकारले बन्दकोठामा नभइ खुला रूपमा गर्नुपर्ने बताए ।

# प्रभु बैंक लिमिटेडद्वारा बाढीपीडितका लागि सामग्री वितरण



काठमाडौं- रसुवाको भोटेकोशी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण घरवारविहिन भएका तथा उक्त बाढीबाट प्रभावित भएका परिवारहरुलाई बुधबार प्रभु बैंकले १०० थान टेन्ट तथा १०० थान स्लिपिङ्ग ब्याग सिहयोग गरेको छ ।

बैंकले राहत सामग्री सम्बन्धित पिडितहरुलाई उपलब्ध गराउने गरी जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई उपलब्ध गराएको हो ।

उक्त हस्तान्तरण कार्यक्रममा बैकले उपलब्ध गराएको राहत सामग्री प्रभु बैक लिमिटेडका तर्फबाट प्रमुख बजार व्यवस्थापक दिपेन्द्र बाबु विष्टले जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई हस्तान्तरण गरेकाहुन् ।

यसअघि पनि बैंकको तर्फबाट नेपाल सरकार, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड एघार लाख एघार हजार एक सय एघार रुपैयाँको चेक हस्तान्तरण गरिएको थियो ।

# सीमावर्ती सहरमा खानेतेलको रिफाइनरी प्लान्ट राख्न ताछाड मछाड

काठमाडौं । गत महिना एउटा वाणिज्य बैंकका केही कर्मचारी वीरगंज नजिकैको बाँझो जग्गामा उभिएर धितो मूल्यांकन गरिरहेका थिए । पोहोर यतिबेला त्यहाँ धान लहलह थियो ।

बैंकले पत्याएमा चाँडै त्यहाँ भटमास र सूर्यमुखीबाट तेल निकाल्ने प्लान्ट संचालनमा आउने छ । ४/५ वर्षयताको तेल आयात-निर्यात तथ्यांक हेरेर त्यहाँ पुगेका बैंकरसँग ऋणी भन्दै थिए - 'सीमापारि खाने तेलको माग यति बढेको छ कि नेपालबाट पठाउँदा पनि भारतीय उपभोक्ताहरुलाई निक्कै सस्तो पर्छ ।'

वीरगंजबाट आएको ऋणको प्रस्ताव बैंकका लागि नयाँ होइन, हरेक महिना ८/१० वटा प्रस्ताव तेलको प्लान्ट लगाउनका लागि आउँछ । बैंकहरुको वीरगंज शाखामा मात्र होइन, विराटनगरदेखि भैरहवासम्मका सीमावर्ती शाखाहरुमा ऋणको प्रस्ताव आउने गरेको छ ।

'रिफाइनरी लगाउन त कति हो कति ऋणको प्रपोजल आउने,' कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले बिजमाण्डूसँग भने, 'तराईका जिल्लामा मुख्य ऋणको माग नै यही क्षेत्रबाट आउने गरेको छ ।'

बैंकरका अनुसार, नेपालीहरुले धेरै तेल खाने भएर उद्योग लगाउन उद्योगीहरु तम्सिएका होइनन् । भारतीय बजारलाई हेरेर उनीहरुले उद्योग लगाउन तँछाड मछाड गरेका हुन् । भारतमा भन्दा नेपालमा भटमास, सूर्यमूखी र पाम तेलको मूल्य सस्तो छ । नेपाली बजारबाट खाने तेल लैजाँदा भारतीयहरुलाई पोसाउँछ ।

'भारतीय बजारलाई लक्षित गरेर नै नयाँ प्लान्टहरुका लागि ऋणको माग आएको हो,' एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले भने । तेल प्रशोधनका लागि कच्चा पदार्थ आयात गर्न ऋण नदिने बैंक कमै छन् ।

नेपाल इन्भेष्टमेन्ट मेगा, एनएमबि, एभरेष्ट, कुमारी, ग्लोबल आइएमई, नबिल लगायतका बैंक अग्रपङ्तिमा छन् । कच्चा पदार्थ मगाउन प्रतितपत्र (एलसी) खोल्नेदेखि प्लान्टका लागि मेसिनरी, भवन निर्माणसम्मका लागि बैंकहरुले ऋण दिइरहेका छन् । नेपालको तेल सस्तो परेर मात्र भारतीय बजारबाट माग आएको होइन । भारतीय सरकारको रणनीतिअनुसार पनि नेपाली तेलको माग बढेको हो । इरान-अमेरिका युद्ध सुरु भएपछि भारतको डलर सञ्चिति घटिरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक रुपमै डलर खर्च नगर्न नागरिकसँग आह्वान नै गरे । भारतीय सरकारले पनि डलर सटहीमा कडाइ गर्दै गएको छ ।

त्यसो हुँदा भारतले आफूलाई चाहिने केही वस्तुहरु घुमाउरो माध्यमबाट डलर खर्च नगरी भित्र्याउने नीति लिएको छ । अहिले नेपालसँग भने ऐतिहासिक उचाइमा डलर सञ्चिति बढेर गएको छ ।

नेपालले डलर खर्चेर तेस्रो मुलुकबाट भटमासलगायत तेलको कच्चा पदार्थ मगाउँछ । त्यसलाई प्रशोधन र प्याकेजिङ गरेर मूल्य वृद्धि गरिन्छ । त्यही सामान भारतीय व्यापारीहरुले भारु तिरेर नेपालसँग किन्छन् ।

'भारतले कतिपय आयात व्यापारमा आँखा चिम्लिदिँदा यता तेलको धन्दा फस्टाएको हो,' एक बैंकरले सुनाए । भन्सार विभागको तथ्यांकले पनि ती बैंकरले भनेको कुरालाई पुष्टि गर्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खलकुद

## नेपाली क्रिकेट टोली फर्कियो स्वदेश



काठमाडौं- एसीसी प्रिमियर कपको उपाधि जितेको नेपाली क्रिकेट टोली आइतबार स्वदेश फर्किएको छ ।

मलेसियामा शनिबार सम्पन्न फाइनलमा यूएईलाई पराजित गर्दै उपाधि जितेको र एसिया कपमा छनोट भएको नेपाली टोली आइतबार राति नेपाल आइपुगेको हो ।

ट्रफीका साथ फर्किएको नेपाली टोलीलाई क्यानका सचिव पारस खड्का लगायतले त्रिभुवन अन्तर िष्ट्रिय विमानस्थलमा स्वागत गरे ।

मलेसियाको वायुमास ओभलमा भएको फाइनल खेलमा नेपालले यूएईमाथि ४४ रनको जित हासिल गरेको थियो ।

नेपालका कप्तान सन्दीप लामिछाने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए ।

विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै सन्दीपले सबैजनाको मेहेनतले सफल भएको बताए ।

‘सबैजना खुसी छौं, देश दुःखद अवस्थामा भइरहेको बेलामा राम्रो प्रदर्शन गर्न सक्यौं, एसिया कपमा पनि छनोट भएका छौं, एकदम गर्वको महसुस भइरहेको छ’ सन्दीपले भने । नेपाली टोली अबको केही दिनमा एसियन गेम्सका लागि जापान प्रस्थान गर्नेछ ।

# नेपाल कुनै शक्ति राष्ट्रको भूराजनीतिक खेलमैदान बन्न हुँदैन : झलनाथ खनाल

काठमाडौं- पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपाल कुनै पनि बाह्य शक्ति राष्ट्रको भूराजनीतिक खेलमैदान बन्न नहुने बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित ‘काष्ठमण्डप डायलग’को तेस्रो श्रृङ्खला कार्यक्रममा खनालले नेपाल कुनै पनि बाह्य शक्ति राष्ट्रको भूराजनीतिक खेलमैदान बन्न नहुने र असंलग्न, सन्तुलित विदेश नीति अवलम्बन गर्नंपर्ने धारणा राखेका हुन् ।

नेपाल-चीन सीमापार रेलवे र ट्रान्स-हिमालयन बहुआयामिक कनेक्टिभिटी नेटवर्क निर्माणलाई तीव्रता दिनुपर्ने उहाले बताए ।

उनले बीआरआई फ्रेमवर्क अघि बढाउने, चिनियाँ लगानी भित्र्याउने र सन्तुलित व्यापार सम्बन्ध कायम गर्नंपर्नेमा जोड दिए ।

चीनको विकास मोडल, सामाजिक स्थायित्वबाट नेपालले पाठ सिक्न सक्ने उहाले बताए । खनालले विश्वव्यापी तापक्रम वृद्धिमा नेपालको योगदान निकै न्युन मात्र रहे पनि नेपाल सबैभन्दा बढी जोखिममा परेको उल्लेख गर्दै जलवायु न्यायका लागि आवाज उठाउनुपर्ने उल्लेख गरे ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले रसुवा बाढीपछि नेपालमा भएको ठूलो धनजनको क्षतिप्रति दुख व्यक्ति गर्दै नेपाललाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता जनाए ।

जलवायु परिवर्तनको असर कुनै एक देशले मात्र सामना गर्न नसक्ने बताउँदै उहाले नेपाल र चीन दुवैले हिमालयन पारिस्थितिकीय प्रणालीमा मिलेर काम गर्नंपर्नेमा जोड दिए ।



मौसम तथा जलविज्ञान सम्बन्धी पूर्वसूचना संयन्त्र बलियो बनाउने, संयुक्त आपत्कालीन अभ्यास गर्ने र विपद् न्यूनीकरणमा साझेदारी गर्ने उनको भनाइ छ ।

उनले कनेक्टिभिटी, व्यापार, लगानी, ऊर्जा, जलविद्युत, कृषि, पर्यटन तथा डिजिटल विकासमा व्यावहारिक सहकार्य विस्तार गर्ने जनाए । विपद् वा बाह्य चुनौती जेसुकै आए पनि चीन सधैं नेपालको साथमा उभिने उहाको भनाइ छ ।

# ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन आईजीपी कार्कीको जोड



काठमाडौं- नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले काठमाडौंको ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउ पर्ने बताएका छन् ।

आइतबार काठमाडौं महानगर प्रहरी बलको ३४औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उनले सडकमा हात हल्लाएर सवारी साधन नियन्त्रण गर्नंपर्ने अवस्थाको अन्त्य गर्नंपर्नेमा जोड दिएका हुन । ‘सवारी आवागमनलाई सहज बनाउन ट्राफिक प्रहरी सधैं सडकको बीचमा जोखिमपूर्ण रूपमा उभिएर हात हल्लाउँदै व्यवस्थापन गर्नंपर्ने अवस्थाको अन्त्य गर्दै प्रविधिको प्रयोग बढाउनुपर्छ,’ उनले भने ।

साथै, एआई-सक्षम सीसीटीभी जडानसँगै बस स्टप, बसपार्क, पार्किङ स्टेसन र समग्र ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउनुपर्ने उनको भनाइ छ । नेपाल प्रहरी र स्थानीय तहबीच भौतिक संरचना निर्माण तथा सुरक्षा व्यवस्थापनमा सहकार्य भइरहेको जानकारी दिँदै उनले ७५३ वटै स्थानीय तहलाई गृह मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय र सङ्घीय मामिला मन्त्रालयमार्फत समन्वयका लागि पत्राचार भइरहेको बताए ।

उनले सवारीसाधन तथा विपद् उद्धारका सामग्री उपलब्ध गराउन पनि आग्रह गरे । सीसीटीभी जडान र विस्तारमा सहयोग गर्दै जनचेतनामूलक कार्यक्रममा सहकार्य गर्ने काममा पनि प्रहरीलाई स्थानीय तहले सघाउनुपर्ने उनले बताए ।

आईजीपी कार्कीले नागरिकलाई सफा सडकमा हिँड्न पाउने र फुटपाथ अवरोधमुक्त रूपमा प्रयोग गर्न पाउने अधिकार सुनिश्चित गर्न काठमाडौं महानगरले गरिरहेको कामको प्रशंसा गरे । अहिले पहिलेको जस्तो असरल्ल फोहोरको थुप्रो देख्न नपर्ने अवस्था बनेको उनले बताए । यद्यपि, फोहोरमैला व्यवस्थापनमा उत्पादनस्थलदेखि अन्तिम व्यवस्थापनस्थलसम्मै चुनौती रहेकाले यसको प्रभावकारी उपाय खोज्नुपर्नेमा उनले जोड दिए ।

आगामी दिनमा काठमाडौं महानगरपालिकासँग सहकार्य गरेर फुटपाथ व्यवस्थापन, पार्किङ व्यवस्थापन तथा आपत्कालीन प्रतिकार्य प्रणाली (इमर्जेन्सी रेस्पोन्स सिस्टम) लाई थप प्रभावकारी बनाउने अपेक्षा उनले व्यक्त गरेका छन् ।

## बिग्रिन थालेको ५० वर्ष भइसक्यो, अहिले केही राम्रा काम हुँदैछन् : हरिवंश आचार्य



काठमाडौं- वरिष्ठ कलाकार हरिवंश आचार्यले काठमाडौं उपत्यका करिब ५० वर्षदेखि बिग्रिन थाले पनि पछिल्लो समय महानगरलाई सफा, सुन्दर र व्यवस्थित बनाउने दिशामा केही राम्रा कामहरू भएको बताएका छन् ।

आइतबार काठमाडौं महानगर प्रहरी बलको ३४औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै कलाकार आचार्यले यस्तो बताएका हुन् । उनले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा निर्माण भएका फल्चाले मौलिक सम्पदा र संस्कृति संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको धारणा राखे ।

‘करिब ५० वर्षअघिदेखि नै महानगर बिग्रिन सुरु भएको हो । तर अब जति बिग्रिनु थियो, धेरै बिग्रिसकेको छ,’ कार्यक्रमलाई सम्बोधन गर्दै आचार्यले भने, ‘पछिल्लो समय भने महानगर सफा, सुन्दर र व्यवस्थित बनाउने केही राम्रा कामहरू भएका छन् । ठाउँ-ठाउँमा फल्चा निर्माण भएका छन् । हेर्दा फल्चा बस्ने र ओत लाग्ने ठाउँजस्तो देखिए पनि त्यसको भित्र हाम्रो सम्पदा र संस्कृति लुकेको हुन्छ ।’

केही महिनाअघि भारतीय युट् युबरहरूले काठमाडौंको सरसफाइ र सौन्दर्यबारे तयार पारेको भिडियो सामग्री हेर्दा आफूलाई निकै गर्व लागेको अनुभव उनले सुनाए । ‘भारतीय युट्युबरहरूले काठमाडौंबारे बनाएको एउटा कार्यक्रम हेरेँ । उनीहरूले काठमाडौं अहिले कति सफा र सुन्दर भएको छ र यसबाट हामीले पनि सिक्नुपर्छ भनेर प्रशंसा गरेका रहेछन्,’ आचार्यले भने, ‘त्यो देख्दा नेपाली भएको नाताले हाम्रो गर्वले छाती फुलेको छ ।’

महानगरपालिकामा पछिल्लो समय भएका सकारात्मक परिवर्तनलाई निरन्तरता दिँदै सम्पदा संरक्षण, सरसफाइ र सुन्दरतामा थप ध्यान दिनुपर्ने उनको सुझाव छ ।

महानगरको विकास र संरक्षणमा नेतृत्वको मात्र नभई महानगरवासीको समेत महत्त्वपूर्ण भूमिका रहने भन्दै सबैले आफ्नो सहरप्रति जिम्मेवार बन्नुपर्ने उनले बताए ।

## एनआरएनएद्वारा रसुवा र नुवाकोटका बाढीपीडितलाई राहत सहयोग



काठमाडौं- भोटेकोशी बाढीबाट प्रभावित रसुवा र नुवाकोटका नागरिकको लागि गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सञ्चालन गरिरहेको राहत तथा मानवीय सहयोग अभियान जारी राखेको छ ।

एनआरएनएले अभियानअन्तर्गत रसुवाको गोसाइँकुण्ड गाउँपालिका-१ का बाढी तथा पहिरो प्रभावित परिवारका लागि खाद्यान्नलगायत राहत सामग्री वडा अध्यक्ष उर्गेन छिरिङ लामालाई हस्तान्तरण गरेको छ ।

बेलायतको लिभरपुलस्थित लिभरपुल नेपाली समाजले राहतका लागि आर्थिक सहयोग गरेको थियो । स्थानीय तहले प्रभावित परिवारको आवश्यकता पहिचान गरी सामग्री वितरण गर्नेछ ।

यस्तै, नुवाकोटको विदुर नगरपालिका-७ तुप्चेका १८ परिवारलाई एक-एक थान ग्यास सिलिन्डर, ग्यास चुलो र प्रेसर कुकर वितरण गरिएको छ ।

विभिन्न देशमा रहेका एनआरएनएका पञ्जीकृत सदस्यका परिवारलाई उपाध्यक्षद्वय मनोज गोर्खाली र तिलक गैरेको प्रयोजनमा ती सामग्री उपलब्ध गराइएको हो ।

यसैबीच, एनआरएनए पदाधिकार ीसहितको राहत टोलीले रसुवाको स्याफ्रुबेँसी, चिलिमे हाइड्रोपावर आसपास र बेत्रावती क्षेत्रको स्थलगत भ्रमण गरेको छ । टोलीले बाढी-पहिरोबाट भएको क्षति, प्रभावित परिवारको अवस्था र तत्काल तथा दीर्घकालीन आवश्यकताबारे जानकारी लिएको छ ।

भ्रमणका क्रममा बाढी-पहिरोमा ज्यान गुमाएकाहरूको सम्झनामा मौनधारण गर्दै श्रद्धाञ्जली तथा प्रभावित परिवारप्रति समवेदना व्यक्त गरिएको थियो ।

स्थानीय जनप्रतिनिधि र प्रभावितसँग छलफल गरी प्राप्त विवरणका आधारमा आगामी राहत तथा पुनर्स्थापनाका कार्यक्रमलाई थप प्रभावकारी बनाइने एनआरएनएले जनाएको छ ।

## देउवा नेतृत्वको समितिका सबैलाई केन्द्रीय सदस्य बनाउने कांग्रेसको निर्णय



काठमाडौं- नेपाली कांग्रेसले पूर्व सभापति शेरबहादुर देउवाको समितिमा रहेकालाई केन्द्रीय समितिमा आउने बाटो खुलाएको छ ।

आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले अघिल्लो समितिमा रहेका तर विशेष महाधिवेशन पछिको नयाँ समितिमा नरहेका सबैलाई केन्द्रीय समितिमा राख्नेगरी निर्णय गरेको हो ।

‘सबैलाई केन्द्रीय समितिमा बस्नेगरी आह्वान हुन्छ । केन्द्रीय समितिमा आएर महाधिवेशनको आयोजक समितिकै रुपमा रहनुहुन्छ,’ बैठकपछि एक पदाधिकारीले भने, ‘महाधिवेशनमा सहभागी हुन अपिल गर्दछौं । केन्द्रीय समितिमा बस्न चाहनेहरू आउनुहुन्छ। नचाहनेहरू आउनुहुन्न होला ।’ कांग्रेसले १६ देखि १९ असोजसम्म १५ औं महाधिवेशनको मिति तोकेको छ । असोज ३ र ४ गते वडा तहको अधिवेशनको मिति तोकिएको छ ।

कांग्रेस संस्थापनले गत पुससम्म नवीकरण गरेका सबै क्रियाशीलाई मान्यता दिने निर्णय गरेको छ ।

## कृष्णभिरमा रोकिएका ग्यास बुलेट र हेभी सवारी पास गराइयो



काठमाडौं । पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभिरमा अवरुद्ध सडक आंशिक रूपमा सञ्चालनमा आएको छ ।

दुईवटा बुलडोजर प्रयोग गरेर सडक सम्याउने तथा आवागमनका लागि आवश्यक प्लेटफर्म तयार गर्ने काम सकिएसँगै केहीबेरअघिबाट सडक आंशिक रुपमा सञ्चालनमा आएको हो ।

तत्कालका लागि अड्किएका ग्यास बुलेट तथा हेभी इक्युपमेन्ट बोकेका सवारीसाधनलाई मात्र आवतजावत गराइएको सडक विभागका महानिर्देशक डा. विजय जैसीले जानकारी दिए ।

भित्तामा नालीको काम बाँकी भएकाले बिहीबारबाट त्यो काम सकेर दुईतर्फी नै सञ्चालनमा ल्याइने पनि उनले बताए ।यसअघि खाली ग्यास बुलेट गुडाएर सडकको भारवहन क्षमता र आवागमनको अवस्था परीक्षण गरिएको थियो ।

गत भदौ १० गते आएको त्रिशूली बाढीका कारण कृष्णभीरको सडक कटान हुँदा सडक अवरुद्ध थियो ।

त्यसयता सो मार्ग भएर चल्ने ठूला तथा साना सवारीसाधनहरू वैकल्पिक बाटो प्रयोग गर्दै काठमाडौं आवागमन गरिरहेका थिए ।

जनआकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ८,
२०८३ साल भदौ ३० गते मंगलबार
15 SEPTEMBER 2026, TUESDAY

# भोटेकोशी बाढीबाट कृषिमा एक अर्बभन्दा बढीको क्षति



काठमाडौं । रसुवा आसपासको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण कृषि क्षेत्रमा मात्रै एक अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक मूल्यांकनले देखाएको छ। राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति तथा आवश्यकता मूल्यांकन (आरएनडीएनए) प्रतिवेदनले धान, तरकारी तथा पशुपन्छी क्षेत्रमा उल्लेख्य क्षति भएको जनाएको हो ।

प्रतिवेदनअनुसार बाढीबाट विभिन्न स्थानीय तहमा १ हजार ६६९ हेक्टर धान खेती प्रभावित भएको छ। यसबाट करिब ५ हजार ८४३ टन धान उत्पादनमा क्षति पुगेको अनुमान गरिएको छ ।

धान खेतीतर्फ नुवाकोटको विदुर सबैभन्दा बढी प्रभावित देखिएको छ । विदुरमा मात्रै करिब ७०० हेक्टर धान उत्पादन हुने क्षेत्र प्रभावित हुँदा २ हजार ४५० टन धानमा क्षति पुगेको छ। त्यस्तै लिखुमा २३० हेक्टर र बेलकोटगढीमा २०० हेक्टर क्षेत्र प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ ।

तरकारी खेतीतर्फ पनि उल्लेख्य क्षति पुगेको छ । बाढीका कारण करिब १३७ हेक्टर तरकारी क्षेत्र प्रभावित हुँदा अनुमानित १ हजार ८४३ टन तरकारी उत्पादनमा क्षति भएको छ। नुवाकोटको विदुरमा मात्रै ९८ हेक्टर तरकारी क्षेत्र प्रभावित हुँदा करिब १ हजार ३२३ टन उत्पादनमा क्षति पुगेको अनुमान छ ।

बाढीबाट नुवाकोट, रसुवा, धादिङ र गोरखाका विभिन्न स्थानीय तह प्रभावित भएका छन् । धादिङको बेनीघाट रोराङ, गजुरी, सिद्धलेक तथा गल्छी, रसुवाको गोसाइँकुण्ड र उत्तरगया लगायतका क्षेत्रमा कृषि उत्पादनमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

बाढीले पशुपन्छी क्षेत्रमा समेत ठूलो आर्थिक क्षति पुऱ्याएको छ । उपलब्ध विवरणअनुसार २ लाख ५२ हजार ४४५ पशुपन्छी प्रभावित भएका छन् । यसबाट करिब १ अर्ब ११ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

सबैभन्दा बढी क्षति भैंसी, बाख्रा तथा गाईगोरुमा देखिएको छ। बाढीका कारण करिब ४ हजार ५७२ भैंसी प्रभावित हुँदा ४५ करोड ७२ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान छ । त्यस्तै बाख्रा तथा च्याङ्ग्रामा करिब ३९ करोड १३ लाख र गाईगोरुमा १७ करोड ९२ लाख रुपैयाँ बराबरको क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

पशुपन्छीमध्ये संख्याका आधारमा कुखुरा सबैभन्दा बढी प्रभावित भए पनि कुल आर्थिक क्षतिमा भैंसी, बाख्रा-च्याङ्ग्रा र गाईगोरुको हिस्सा ठूलो रहेको देखिएको छ ।

बाढीका कारण कृषि उत्पादन, पशुपालन तथा ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष असर परेको भन्दै प्रभावित किसानको पुनःस्थापना र कृषि क्षेत्रको पुनरुत्थानका लागि तत्काल राहत तथा दीर्घकालीन कार्यक्रम आवश्यक रहेको प्रतिवेदनले औंल्याएको छ ।

## अन्तराष्ट्रिय

# इरान र खाडी राष्ट्रबीचको पूर्वनिर्धारित बैठक स्थगित



तेहरान- इरान र खाडी राष्ट्रका प्रतिनिधिबीच ओमानको सलालाहमा सोमबार हुने भनिएको क्षेत्रीय बैठक स्थगित भएको छ ।

ओमानका विदेशमन्त्री सैयद बद्र बिन हमद अल बुसाइदीले आइतबार सामाजिक सञ्जालमार्फत बैठक स्थगित गरिएको जानकारी दिएका छन् ।

उनले क्षेत्रीय सहमतिका आधारमा बैठक स्थगित गरिएको बताए। ओमानले क्षेत्रीय स्थायित्व र दीर्घकालीन सहकार्यलाई सहयोग पुऱ्याउने संवादलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । इरानको विदेश मन्त्रालयअन्तर्गत पर्सियन खाडीसम्बन्धी महानिर्देशक मोहम्मद अली बाकले पनि बैठक स्थगित भएको पुष्टि गरेका छन् ।

उनले इरानको सरकारी समाचार संस्था इर्नालाई दिएको अन्तर्वार्तामा केही क्षेत्रीय राष्ट्रको आग्रहपछि बैठक अर्को मितिका लागि सारिएको उल्लेख छ। इरान र ओमानबीचको संयुक्त सहमतिमा बैठक स्थगनको निर्णय गरिएको उनले बताए ।

उनले बैठक आयोजना गर्न उपयुक्त समय तय गर्ने विषयमा ओमानसँग इरानले निरन्तर परामर्श गरिरहेको बताएका छन् ।

बैठक स्थगित भए पनि क्षेत्रीय स्थायित्व, संवाद र सहकार्यका लागि आवश्यक कूटनीतिक प्रयासलाई निरन्तरता दिने तयारी रहेको उनले बताएका छन् ।

# नास्टलाई राजनीतिक हस्तक्षेपमुक्त गर्नेगरी ऐन प्रतिस्थापनको गृहकार्य भइरहेको छ : मन्त्री पुन

काठमाडौं- विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) लाई राजनीतिक हस्तक्षेपमुक्त गरी वित्तिय स्वायत्तता प्रदान गर्न ऐन प्रतिस्थापनको गृहकार्य भइरहेको जानकारी गराएका छन् ।

आइतबार सिंहदरबारमा 'नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को संशोधन तथा एकीकरण (प्रतिस्थापन) विधेयक मस्यौदा तर्जुमा सम्बन्धमा विषयविज्ञ तथा सरोकारवाला संस्थाहरूसँगको छलफल कार्यक्रममा मन्त्री पुनले यसबारे जानकारी गराएका हुन् ।

'२०४८ सालसम्म नेपालमा इनोभेसन शब्द प्रचलनमा नै थिएन । कसैले यसको आवश्यकता पनि देखेन । यदि त्यसो भएको भए नेपाल आज विज्ञान र नवप्रवर्तनको हिसाबले धेरै अगाडि पुगिसकेको हुन्थ्यो । त्यसकार नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को संशोधन तथा एकीकरण (प्रतिस्थापन) विधेयक तर्जुमा गर्न थालिएको शुरुमा यसको नाम नै परिवर्तन गर्नुपर्छ,' उनले भने ।

उनका अनुसार प्रस्तावित विधेयकमा नास्टको कुलपतिका रूपमा प्रधानमन्त्री रहने हालको व्यवस्था हटाइनेछ । प्रधानमन्त्रीलाई विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको शिर्ष तहमा राख्नुपर्ने भएकाले नास्टको कुलपति बनाउने व्यवस्था उपयुक्त नभएको मन्त्री पुनको तर्क छ ।

मन्त्री पुनले प्रतिष्ठानहरूमा हुने राजनीतिक हस्तक्षेपका कारण संस्थागत विकास प्रभावित भएको भन्दै अब त्यसो हुन नदिने दाबी पनि गरे ।

'अहिले प्रज्ञा प्रष्ठिानहरूमा राजनीतिक हस्तक्षेप भइरहेको छ । अब हामी राजनीतिक हस्तक्षेप नहुनेगरी यसको संरचना निर्माण गर्छौं । प्रतिष्ठानहरू राजनीतिक हस्तक्षेपले नै बिगारेको हो भन्ने कुरो धेरैलाई थाहा छ । राजनीतिक हस्तक्षेपले केही कुरा सुधारेको भएपनि १० वटा कुरा सुध्रिँदा २० वटा चिज बिग्रियो भने त्यसलाई के भन्ने ? यसअघि प्रधानमन्त्रीलाई नै यसको कुलपति बनाउने व्यवस्था थियो,' मन्त्री पुनले भने, 'अब तर्जुमा हुने विधेयकमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था नराख्ने ।

# बाढी प्रभावित क्षेत्रमा पुनर्निमाणका लागि बजेट अभाव हुन दिँदैनौं : प्रधानमन्त्री शाह



काठमाडौं- प्रधानमन्त्री बालेन शाहले रसुवाको भोटेकोशी बाढी प्रभावित क्षेत्रमा राहत तथा पुनर्निर्माणका लागि बजेटको अभाव हुन नदिने स्पष्ट पारेका छन् ।

सोमबार सिंहदरबारमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका विभिन्न जिल्ला र स्थानीय तहका जनप्रतिनिधिहरुसँग छलफल गर्दै प्रधानमन्त्री शाहले बाढी प्रभावित क्षेत्रमा राज्यका सबै निकाय क्रियाशील भएको उल्लेख गर्दै राहत तथा पुनर्निर्माणका लागि बजेटको अभाव हुन नदिने बताएका हुन् ।

त्यस्तै, उनले प्रभावित क्षेत्रमा बाढीपछिको अवस्था, अहिलेको परिस्थिति, अब चाल्नुपर्ने कदम र पुनरुत्थानलगायतका विषयमा जानकारी र सुझाव लिएका थिए ।

सो क्रममा बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले बाढीका कारण सडक सञ्जाल नहुँदा राहत तथा पुनर्निर्माणमा समस्या देखिएकाले क्षतिग्रस्त सडकलाई छिटो खुलाउनुपर्ने बताएका थिए ।

नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले त्रिशूली नदी र आसपासका करिब १९ वटा पुल बगाएको र रसुवा-धादिङ-विदुर जोड्ने सडकहरू अवरुद्ध हुँदा राहत र उद्धारमा समस्या देखिएको बताए ।

होल्डिङ सेन्टरको चाप र सम्भावित महामारी कम गर्न प्रभावित परिवारलाई कोठा भाडामा सार्ने र नगरपालिकाले ६ महिनाका लागि भाँडाकुँडा, ग्यास चुलो/सिलिन्डर र खाद्यान्नसहित प्रतिपरिवार दश हजार रुपैयाँ दिने तयारी गरेको उनले जानकारी दिए ।

त्रिशूली पारी रहेको प्रदेशस्तरीय अस्पताल र बस्ती जोड्न तत्काल ह्युमपाइप डाइभर्सन, बेलीब्रिज राख्ने बिषयमा प्रधानमन्त्रीसँग छलफल भएको उनले बताए ।

प्रधानमन्त्री शाहले तीनै वटा सरकार मिलेर आवश्यक पूर्वाधार तत्काल बनाउने प्रतिबद्धता समेत जनाएको विदुर नगरपालिकाका प्रमुख श्रेष्ठले जानकारी दिए ।

**प्रधानमन्त्री...**

गौतमबुद्ध जन्मेको देश, पवित्रस्थल लुम्बिनी भएको देश, प्रत्येक ३ सेकेन्ड फरकमा फरक हावापानी पाइने देश यस्ता देशमा महत्वपूर्ण चीजहरु के छन् । ति चिजहरुलाई अन्तराष्ट्रियस्तरमा चिनाउनु पनि नेपालको लागि महत्वपूर्ण अवसर हो । त्यसैले नेपाल देशको प्रतिनिधित्व गरेर सहभागी हुन लागेका नेपालका प्रधानमन्त्रीले तत्कालै हुन गईरहेको महासभामा दरिलो उपस्थिति राखी नेपालको पक्षमा उपलब्धिमूलक बनाउन् ।

**अबका प्रतिगामी...**

गिभअफ गरिदिनुभयो भने त सिद्धियो नि !' उनले छापा पत्रकारले सही कुरा उठाएको भन्दै त्यसमा एमालेले संसद् र बाहिरबाट आवाज उठाएर साथ दिने बताए ।

**विपद्पछि...**

उनले देशमा आइपरेको ठूलो प्राकृतिक विपद्को सामना सबै मिलेर एकजुट भई गर्नुपर्ने धारणा राख्दै जेन-जी आन्दोलनपछि अपेक्षा अनुसार सरकारले काम गर्न नसकेको, युवाहरूमा निराशा बढेको र विदेशिने दर झन् दोब्बर भएको समेत धारणा राखे ।

उनले उज्यालो नेपाल पार्टी कुनै पनि अन्य पार्टीमा विलय नहुने र कुनै दलसँग नमिसी आफ्नै मौलिक एजेन्डासहित वैकल्पिक शक्तिका रूपमा अघि बढ्ने स्पष्ट पारे ।

आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनलाई लक्षित गर्दै कोशी प्रदेशबाट वृहत भेला तथा गाउँ-गाउँमा संगठन र सदस्यता विस्तार अभियान सुरु गर्ने उनले बताए ।

**पार्किङदेखि बाढी...**

गर्न सकिएमा न्युरोडलगायत आसपासका क्षेत्रमा देखिएको पार्किङ अभाव कम गर्न महत्वपूर्ण सहयोग पुग्ने महानगरको अपेक्षा छ ।

'पार्किङको समस्या दिनप्रतिदिन बढ्दै गएको छ । हाम्रो क्षेत्रफल सीमित भएकाले उपलब्ध ठाउँको सही सदुपयोग गर्न आवश्यक छ,' डंगोलले बताएकी छन् । महानगरले काठमाडौं उपत्यकामा पार्किङ व्यवस्थापनलाई दीर्घकालीन र व्यवस्थित बनाउन विज्ञमार्फत विस्तृत अध्ययनसमेत गरिरहेको जनाएको छ । अध्ययनबाट प्राप्त सुझावका आधारमा राजधानीको पार्किङ व्यवस्थापनलाई थप व्यवस्थित र प्रणालीगत बनाउने योजना महानगरको छ ।

**सहरी बाढी नियन्त्रणमा ...रिचार्ज काठमाडौं'**

पार्किङ व्यवस्थापनसँगै महानगरले वर्षायाममा काठमाडौंमा देखिने सहरी बाढीको समस्या न्यूनीकरणका लागि 'रिचार्ज काठमाडौं' अभियान अघि बढाउने भएको छ । कार्यवाहक प्रमुख डंगोलले काठमाडौंमा सामान्य वर्षा हुँदा पनि सडक तथा बस्तीमा पानी जम्ने र बाढीको अवस्था सिर्जना हुने गरेको भन्दै यसको दीर्घकालीन समाधान आवश्यक रहेको बताएकी छन् । उनका अनुसार विगतमा सहरी क्षेत्रमा गरिएको अव्यवस्थित विकास तथा संरचना निर्माणका कारण अहिले 'अर्बन फ्ल्यास फ्लड'को जोखिम बढेको हो ।

वर्षा सुरु भएपछि नगर प्रहरी, विपद् व्यवस्थापन टोली तथा जनप्रतिनिधिसमेत सम्भावित बाढी र डुबानको जोखिमका कारण तयारी अवस्थामा बस्नुपर्ने अवस्था आएको महानगरको भनाइ छ ।

यही समस्यालाई मध्यनजर गर्दै महानगरले वर्षाको पानीलाई सिधै नाली हुँदै नदीमा पठाउनेभन्दा पनि सङ्कलन गरी जमिनमा पुनर्भरण गर्ने अवधारणालाई प्राथमिकता दिन लागेको हो । 'रिचार्ज काठमाडौं' अभियानमार्फत वर्षाको पानी सङ्कलन गर्ने, जमिनभित्र पुनर्भरण गर्ने तथा पानीको उचित व्यवस्थापन गर्ने कामलाई अघि बढाइने महानगरले जनाएको छ ।

महानगरले सहरी बाढीको दीर्घकालीन समाधानका लागि अध्ययनसमेत गरिरहेको छ । तर अध्ययनको प्रतिवेदन पर्खेर मात्र बस्नुभन्दा तत्काल गर्न सकिने कामबाटै सुरुवात गर्ने उद्देश्यले अभियान अघि बढाउन लागिएको डंगोलको भनाइ छ । महानगरका अनुसार काठमाडौंको सहरी विकाससँगै पानी जमिनमा सोसिने प्राकृतिक क्षेत्र घट्दै गएका कारण वर्षाको पानी व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । त्यसैले वर्षाको पानीलाई स्थानीय स्तरमै व्यवस्थापन गरी भूमिगत जलस्रोत पुनर्भरण गर्ने प्रणालीलाई प्राथमिकता दिन लागिएको हो ।

महानगरले पार्किङ व्यवस्थापनदेखि सहरी बाढी नियन्त्रणसम्मका योजनालाई दीर्घकालीन सहरी व्यवस्थापनसँग जोडेर अघि बढाउने तयारी गरेको छ । उपलब्ध भौतिक संरचनाको अधिकतम उपयोग र प्राकृतिक स्रोतको संरक्षण तथा पुनर्भरणलाई सँगसँगै अघि बढाउन सके काठमाडौंलाई थप व्यवस्थित र सुरक्षित बनाउन सकिने महानगरको विश्वास छ ।

**रसुवा बाढी...**

छ । रसुवामा १३ पुल बगेका छन् । जसको लम्बाइ भने ५६६ मिटर मात्र छ । धादिङमा भने ५ वटा पुल बगाउँदा कुल ६१३ मिटर लम्बाइ बराबरको क्षति भएको छ । गोरखामा एउटा पुल बग्दा १३३ मिटरको क्षति भएको छ ।

बगेका मोटरेबल पुलमध्ये नुवाकोटमा मात्र ४०.५ प्रतिशत बराबरको क्षति भएको देखिएको छ । प्रतिवेदन अनुसार रसुवाका पुलहरूको लम्बाइ छोटो थियो । सोहीकारण करिब नुवाकोटमा बराबर संख्यामा पुल क्षति हुँदा समेत रसुवा जिल्लामा क्षति भएको पुलको कुल लम्बाइ कम छ। बाढीका कारण ४ वटा पुलमा आंशिक क्षति भएको पाइएको छ। जसको लम्बाइ २४० मिटर छ ।

यस बाढीले ६८ झोलुङ्गे पुलमा क्षति गरेको थियो । झोलुङ्गे पुलमा भने १० हजार ६७० मिटर बराबरको क्षति भएको छ। सोहीकारण यस बाढीले नदी वारपारको क्षेत्रमा पहुँच विच्छेद गरेको छ। अहिले विभिन्न स्थानमा झोलुङ्गे पुल पुनर्निर्माणको क्रममा छन् ।

**पछिल्लो १०...**

वैकल्पिक मार्गहरू त्रिभुवन राजपथ तथा बीपी राजमार्ग हुँदै ल्याइएका करिब तीन लाख ९९ हजार ५२९ वटा सिलिन्डर उपभोक्तालाई वितरण भइसकेको सहप्रवक्ता सुवेदीले जानकारी दिए। पछिल्लो १० दिनमा दैनिक औसत ४० हजार सिलिन्डर ग्यास उपत्यकामा बिक्री वितरण भइरहेको छ । अवरुद्ध राजमार्ग सञ्चालनमा नआएसम्म तराईका उद्योगमा ग्यास भरेर वैकल्पिक मार्गबाट काठमाडौं ल्याएर बिक्री गरिने निगमले जनाएको छ ।

मुख्य राजमार्ग अवरुद्ध भएपछि निगमले यही भदौ १४ गतेदेखि काठमाडौं, धादिङ र काभ्रेपलाञ्चोकस्थित उद्योगका सिलिन्डर बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, धनुषा र महोत्तरीमा रहेका उद्योगमा भरेर बैकल्पिक मार्गबाट काठमाडौं ल्याउने व्यवस्था मिलाएको छ ।

आपूर्ति व्यवस्थालाई थप प्रभावकारी बनाउन उच्चस्तरीय समन्वय टोली गठन गरिएको निगमले जनाएको छ । सरकारले ग्यास भरिएका सिलिन्डर लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्नेविरुद्धको कारबाहीलाई तीव्र बनाएको निगमले जनाएको छ । २०८२ साउनमा ३१ लाख २१ हजार ४८ सिलिन्डर ग्यास बिक्री भएकामा चालु आवको सोही अवधिमा ४० लाख ३६ हजार ३६४ ग्यास सिलिन्डर बिक्री भएको छ । यस्तै गत वर्ष भदौमा ३३ लाख ५५ हजार ९६० सिलिण्डर ग्यास बिक्री भएकामा चालु आवको भदौको २७ गतेसम्म ३७ लाख १३ हजार ८९४ सिलिन्डर ग्यास बजारमा पठाइएको निगमले जनाएको छ ।

भाग ४



दामोदर ढकाल ' दीपक'

# दिव्य साधना

मसँग करिब तीन घन्टा समय बाँकी छ । म एकान्त प्रिय मान्छे । मलाई गाउँ घरतिर घुम्न मन लाग्यो । सबैजना भजनमा मस्त छन् वा भनौँ भक्तिमा लीन छन् । म सुटुक्क निस्किएँ । माथि डाँडामा पुगेँ । शीतल पवनले मलाई स्वर्णिम स्पर्श दियो । अनुपम छ प्रकृति तर विनाशमा तल्लीन छ मान्छे । मान्छेमा डर छ, लोभ छ र भयङ्कर तृष्णा छ । एउटा पशुले भोलिको निम्ति साँच्दैन । तर मान्छे भोलिको लागि बाँचेको छ ।

त्यो डाँडाको नागीमा उफ्रँदै एउटा खरायो आयो । आहा कति सुन्दर छ । उसले ननुहाए पनि सफा छ । रमाएको छ उफ्रेको छ दौडेको छ । उसले अस्पताल नदेखे पनि स्वस्थ्य छ । फुस्रा दम्भी गुरुहरूको प्रवचन नसुने पनि शाकाहारी छ । खरायोले मलाई मोहनी लगायो । साँच्चिकै सुन्दर छ । बेलुका त बथानमा गएर बस्ला,तर ऊ अहिले एक्लै निस्फिक्री छ । न उसमा भय छ । छ त सिर्फ जीवन धान्न केही खान्छ,बाँकी समय उफ्रेर र दौडेर बाँच्छ । जीवन हुनुपर्ने यस्तै हो । बाँचुन्जेल भय, त्रास र लोभबाट मुक्ति भएर । त्यो मान्छेमा सम्भव छैन । मेरो गुरुले भन्नुहुन्थ्यो, एउटा आध्यात्मिक संस्था एक जनाले खोलेका छन् अरे, उनको उद्देश्य हरेक प्राणीलाई दया गरौँ , ललाटमा टीका पनि लगाउछन अरे, मान्छेसँग भेट्दा नमो नमः पनि भन्छन् अरे, विभिन्न गुरुका स-साना फोटो अङ्कित लकेट पनि धारण गरेका छन् अरे तर खुट्टामा छालाको जुत्ता र उनी बस्ने शोफाचाहिँ छालाबाट निर्मित । एकदिन गुरुलाई पनि बोलाएछन् । लौ हजुर मेरो कार्यक्रममा बोलिदिनु पर्‍यो भनेर । तर गुरुले मुसुक्क हाँसेर भनिदिनु भएछ, भ्याउदिनँ हजुर । मलाई उहाँले यो कथा सुनाउँदा सोधेको थिएँ । किन अस्विकार गर्नु भएको ? मेरो प्रश्नको जवाफमा उहाँको उत्तर थियो, झट्ट हेर्दा सनातनी जस्तो देखिए पनि विदेशबाट डलर खाएर,विदेशीलाई बाआमा बनाउने लालची रहेछ । सबैलाई उल्लु बनाएर आफूलाई गुरु भनाउन लागिपरेको । " गुरूको उत्तरपछि मैले पुनः जिज्ञासा राखेँ, " उसमा ज्ञानचाहिँ केही पनि छैन ? " गुरु हाँस्नु भयो र बोल्नु भयो ज्ञान जिरो तर काम ऊर्जा असिमित रहेछ । पहिलो बिहे राम्रो खानदानमा गरेछन् , दाइजोको लोभमा, साचेजति दाइजो नपाएपछि ससुराली र श्रीमतीलाई देखाउन अर्की ल्याएछन् । पहिलोपट्टिकी श्रीमतीबाट छोरोसमेत जन्मेर ठूलै भएपछि । दोस्री श्रीमतीको तर्फबाट छोरो जन्मिएर एकदुई वर्ष भएपछि दोस्रो श्रीमतीले पनि छाडेर अन्त गइछन् । अब उनलाई आमा नभएको छोराका आँसुले निकै पिरोलेछ । उनले सोचेछन् भालेले हुर्काउन गाह्रो रहेछ । आफू हुर्केको समाजबाट त्यो छोरालाई टाढा राख्ने निर्णय गरेर कुनै आश्रममा लगेर पढाएछन् । र अर्को विवाहको तयारीमा जुटेछन् । यसपालि उनको ध्याउन्न थियो पूरै गोठ उठाएर ल्याउने । छोराछोरीसहित ल्याय पनि सुरुमा त निकै उदारवादी देखिए । ती हुर्केका छोराछोरीले काम गर्छन् र दुई दम्पती राजारानी जत्तिकै भएर बस्ने । तर उनले सोचेजस्तो भएन । अलिकति बैंक ब्यालेन्समा गिरावट आउनासाथ एउटा सन्तान जन्मिएपछि छाडिदिए । दोस्रो श्रीमतीले छोरो छाडेपछिको सन्तानको आँसु बुझेका हुनाले छोरी श्रीमतीको साथबाट ल्याएनन् । बिचरा भ्रममा परेर विवाह गरेकी ती स्त्री अहिले थप बोझसहित सबै सन्तान हुर्काएर बसेकी छिन् । उनी आध्यात्मिक संस्था खोलेर अर्की ल्याउने योजनामा तल्लीन छन् । विचरा श्रीमतीको आँखामा आँसुको धारा छ ।यता श्रीमान् समग्र प्राणीको उद्दार गर्छु भनेर माला लगाएर हिँडेका छन् । उनको संस्थामा अरू पनि होलान बुझेका छैनन् उनलाई ? मैले जिज्ञासा राखेँ । बुझेकाले छोड्दैछन्, नबुझेका जोडिदैछन् । उनलाई मस्ती नै छ डलर आएकै छ, फोटो पठाएकै छन् । सवारी साधनमा गुडेका छन् । श्रीमतीहरूको आँसु नओभाए पनि प्राणीमात्रको दयाको मन्त्र छँदै छ । गुरु मज्जाले हाँस्नु भयो । मैले पुनः अल्मलिए जस्तो गरेर सोधेँ । यो कुनै विश्लेषण गर्न दिनु भएको ज्ञान हो कि सत्यघटना ?"

सत्य घटना हो । कुनैदिन म तिमीलाई ती मान्छेसँग भेटाउँला । अनि वर्तमान समाजमा असत्य मात्र बोल्ने सत्य, त्यागबिनाको वैराग्यको ढोंङ र विचल्ली पारेर मानव सेवाको नारा । प्रस्ट थाहा पाउने छौ । यसकारण आर्दशमा होइन,यथार्थमा बाँच्ने सन्देश दिने हो समाजमा ।

डाँडामा बसेर कहाँबाट आज गुरुसँगको संवाद स्मरण भयो । म छक्क परेँ । त्यहीबेला एउटा स्याल आएर खरायोलाई झम्टियो । खरायो तुफान दौडियो । स्याल जिल्ल पर्‍यो लखेट्न गएन । किनकि उसलाई थाहा थियो खरायोलाई दौडेर जित्न असम्भव छ । म पनि आएको बाटो सम्झिएर कार्यक्रम स्थानमा पुग्न ढिला हुन्छ भनेर बाटो लागेँ ।

# दायित्व वाङ्मय प्रतिष्ठानद्वारा साहित्यकार प्रमोद नेपालको निरुत्तर लघुकथासङ्ग्रह लोकार्पण

■ जयराम बिडारी

काठमाडौँ – नेपाल राष्ट्र बैंकका पूर्वकर्मचारी तथा साहित्यकार प्रमोद नेपालको नयाँ लघुकथासङ्ग्रह दायित्व वाङ्मय प्रतिष्ठानको आयोजनामा आयोजित एक विशेष समारोहका बिच लोकार्पण गरिएको छ । लेखनका क्षेत्रमा पहिल्यै देखि सक्रिय रहनुभएका नेपाल वि.सं. २०६७ देखि कृतिकारका रुपमा निरन्तर सक्रिय रहनु भएको छ । नेपालको यो कृतिका हिसाबले सातौँ तथा संयुक्त लेखनसमेत गरी आठौँ कृति हो । ५५ वटा लघुकथा समेटिएको उक्त सङ्ग्रहको भूमिका वरिष्ठ साहित्यकार गोपी मैनालीले लेख्नुभएको छ ।



ठाकुर शर्मा भण्डारीले शार्दूलविक्रीडित छन्दमा रचिएको कवितामार्फत स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा वरिष्ठ साहित्यकार युवराज मैनालीले कृतिको समीक्षात्मक टिप्पणी गर्नुभयो ।

समीक्षक मैनालीले पुस्तकमा कलात्मक गद्य र मुटु हुडलेर आँसु बगाउन सक्ने सार्थक लेखन रहेको उल्लेख गर्नुभयो । पूर्णप्रसाद ब्राह्मण सिद्धिचरणदेखि कमलमणि दीक्षितसम्मले लघुकथा लेखिसकेको इतिहास स्मरण गराउँदै उहाँले सङ्ग्रहमा ५५ थरीका सामाजिक यथार्थ, दैनिक जीवनका उतारचढाव, बालमनोविज्ञान, कौतूहलका साथै राजनीतिक विषय र पछिल्लो समयका 'जेन्जी' आन्दोलन तथा स्ववियु निर्वाचनजस्ता विविध प्रसङ्गहरू समेटिएको बताउनुभयो । वि.सं. २०२२ देखि नै कथा लेखन सुरु गरे पनि प्रकाशनमा केही ढिलो आएका लेखकको यस कृतिमा उत्तरहीन प्रश्नहरूको सुन्दर संयोजन रहेको समीक्षा गर्नुभयो ।

समारोहमा वरिष्ठ साहित्यकार गोपी मैनालीले कृतिकार नेपाललाई शुभकामना व्यक्त गर्दै २०६७ साल देखि 'दोहोरिएको इतिहास' हिमाल मुस्कुराइरहन्छ ,रश्मिपुञ्ज, हत्केलामा घाम र आवाज जस्ता कृतिहरु पाठक माझ प्रस्तुत गरिसक्नु भएका अत्यन्त क्रियाशील साहित्यकार प्रमोद नेपालको पछिल्लो लघुकथा कृतिले सफलता प्राप्त गर्नेछ भनि सुभेक्षा प्रकट गर्नु भयो ।

डा. रामप्रसाद दाहाल, कृष्ण प्रधान र कलानिधि दाहालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । डा. दाहालले सङ्गीतकारको सादृश्य दिँदै बकुल्लाले माछा समात्न चाल मिलाएझैँ प्रमोद नेपाल पनि अत्यन्तै सन्तुलित र योजनाबद्ध ढङ्गले लेख्ने स्रष्टा भएको बताउनुभयो । त्यसैगरी कृष्णचन्द्र प्रधानले राष्ट्र बैंकबाट सेवा निवृत्त भई अरनीको डेभलपमेन्ट बैंकमा समेत कार्य गरिसक्नुभएका नेपालको निरन्तर लेखनयात्राको प्रशंसा गर्नुभयो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै वरिष्ठ साहित्यकार शुभ सेनले प्रमोद नेपालका सिर्जनाहरू महजस्तै स्वादिलो रहेको टिप्पणी गर्नुभयो । उहाँका मौलिक कथालाई साना र प्रभावकारी कथाका रूपमा परिभाषित गर्नुपर्ने बताउँदै उहाँको सिर्जनात्मक यात्राले साहित्यको दायरा अझ फराकिलो बनाउँदै लैजाओस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

कृतिका रचनाकार प्रमोद नेपालले 'रक्तरंजित टाटो' नामक लघुकथाबाट आफ्नो कथायात्रा सुरु भएको स्मरण गर्दै लता केसीको प्रेरणाले लघुकथा साहित्यमा पाइला चालेको बताउनुभयो । वि.सं. २०३३ मा 'राष्ट्रपुकार' मा 'सिमरौनगढ एक परिचय' र २०३५ मा 'बिम्बभित्रको एउटा सत्य' प्रकाशित भएपछि आफू लेखनमा अझ उत्साहित भएको उहाँले उल्लेख गर्दै समुचित प्रतिक्रियाको अपेक्षित रहेको बताउनु भयो ।

कार्यक्रमका सभापति तथा दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्तले हालैको बाढीको त्रासदीका बिच पनि कार्यक्रम सम्पन्न भएको र संस्थाका तर्फबाट बाढीपीडितका लागि रू. २ लाख बराबरको सहयोग पुर्‍याइएको जानकारी दिनुभयो । कृतिकार नेपालसँग आफूले पनि राष्ट्र बैंकमा सँगै काम गरेको स्मरण गर्दै पन्तले नेपाल आफूभन्दा पनि अग्रज लेखक रहेको र उहाँको लेखनकलाको निरन्तरताको कामना गर्नुभयो । साथै ६० भन्दा बढी कृतिका स्रष्टा शुभ सेनजस्ता व्यक्तित्वलाई प्रमुख अतिथिका रूपमा पाउनु प्रतिष्ठानका लागि गौरवको विषय भएको बताउनुभयो । यादव भट्टराईद्वारा कुशलता पूर्वक सहजीकरण गरिएको उक्त कार्यक्रममा सयौंका संख्यामा साहित्यकार तथा साहित्यानुरागीहरुको उपस्थिति रहेको थियो ।

# '१२ गाउँ २'को 'जुनेली' गीतमा समीर र कृशुको डान्स

काठमाडौं- दशैंको अवसर पारेर असोज ३० गतेबाट प्रदर्शन हुन लागेको एक्सनप्रधान फिल्म '१२ गाउँ २'को पहिलो गीत 'जुनेली' सार्वजनिक गरिएको छ । सोमबार हरितालिका तीजको अवसरमा निर्माण पक्षले पप डान्सिङ गीत दर्शकमाझ ल्याएको हो । सुगम पोखरेलको स्वर रहेको गीतमा युग भुसालको शब्द तथा संगीत छ भने मास्टरिङ रुप महराले गरेका हुन् ।

आकर्षक सेटअपमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी समीर भट्ट र कृशु शाही (काफिया) देखिएका छन् । उनीहरूको डान्स स्टेप पृथक देखिन्छ । तर, नृत्यमा कृशुभन्दा समीर छरितो देखिएका छन् । सियोन श्रेष्ठको कोरियोग्राफी रहेको गीतको भिडियोलाई महेश पौडेलले छायांकन गरेका हुन् । मेकिङको हिसाबले भिडियो स्तरीय देखिन्छ ।

अभिनेता विराज भट्टको निर्देशनमा बनेको यस फिल्ममा विराज स्वयं मुख्य भूमिकामा छन् । उनीसहित फिल्ममा अनुप विक्रम शाही, वर्षा इटानी, खुशी कार्की, प्रकाश शाह, सुनिल पोखरेल, कनिज कोइराला, कालु राना, पुष्कर भट्ट, शिवकुमार सिंह, नेहा राज्यलक्ष्मी शाह, पूर्णबहादुर गन्धर्व, साहिल सिंह ठकुरी, अर्जुन आचार्यलगायतका कलाकारहरूको पनि अभिनय रहेको छ ।

विराज भट्ट फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मकी निर्माता सरस्वती भट्ट हुन् । फिल्ममा महेश पौडेलको डीओपी, राम केसी र राजु लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, सन्तोष सरकारको लेखन, स्टन्ट सिल्भा र शंकर महर्जनको द्वन्द्व निर्देशन, कालाचरणको पार्श्व संगीत तथा गीता गुरप्पाको ध्वनि संयोजन रहेको छ ।

यो फिल्म २०८१ सालमा प्रदर्शन भएको ब्लकबस्टर फिल्म '१२ गाउँ'को सिक्वेल हो । यसले घरेलु बक्स अफिसमा करिब २० करोडको व्यापार गरेको थियो । यही फिल्मबाट विराजका छोरा समीरले डेब्यू गरेका थिए । उनको क्रेजका कारण पनि फिल्म सफल भएको मानिन्छ । अब '१२ गाउँ २'को व्यापार कस्तो रहन्छ, त्यो धेरैका लागि चासोको विषय बनेको छ ।

## सुसेली



**रामप्रसाद अधिकारीको**

त्रिशुली बाढी
गाउँ बस्ती नभनी
लग्यो बडारी ।

१)देश रुँदैछ
बितन्डा मच्चाउँदै
बाढी बढ्दैछ ।

२)आयो बिपत्ति
मानवता महान
हैन सम्पत्ति ।

३)गाउँ शहर
पापी दैव आएर
लग्यो सलल ।

४) धन सम्पत्ति
बाल बृद्व नभन्ने
पापी बिपत्ति ।

६) बाढी पहिरो
त्रास पिर मनमा
चिन्ता गहिरो ।

७) भए टुहुरा
अबोध नाबालक
कठै बबुरा ।

८) संकट टारौं
सकेको सहयोग
सबैले गरौं ।

९) आँखा नहेरी
पवित्र त्यो बस्तीमा
पस्यो भुमरी ।

१०) गर्छु नमन
दिवंगत सबैमा
श्रद्धा सुमन ।

# दयाहाङले सकाए 'रातो घेरा'को छायांकन



काठमाडौं- 'जारी' जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म 'रातो घेरा : द रेड सर्कल'को छायांकन सकिएको छ । आइतबार काठमाडौंको थापागाउँस्थित मण्डला थिएटरमा अन्तिम दृश्य खिचिएसँगै डेढ महिनामा फिल्मको छायांकन पूरा भएको हो । फिल्मलाई यस वर्षको मंसिर १८ गते प्रदर्शन गर्ने तयारी गरिएको छ ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ र मिरुनासहित सुनिल पोखरेल, भोलाराज सापकोटा, माओत्से गुरुङ, कविता आले, रजनी गुरुङ, शेखर चापागाईं, डी.बी. गुरुङ, बलबहादुर गुरुङ, इन्गी हाप्पो सुनुवार, खड्गबहादुर पुन, सुरज तमुलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्म सत्य घटनामा आधारित रहेको जनाइएको छ । विश्राम फिल्म्सका लागि जीवन गुरुङले फिल्मको निर्माण गरेका हुन् । उनले यसअघि गुरुङ भाषाको फिल्म 'ङोल्स्यो रानी' बनाएका थिए । 'रातो घेरा' भने उनको पहिलो मूलधारको फिल्म हो । कविता गुरुङ, भोज गुरुङ र सरुन शेरचनको पनि लगानी रहेको फिल्ममा सुमन गुरुङ र खेम राना सह-निर्मातामा छन् । फिल्मको कथा तथा पटकथा राजु स्याङताङले लेखेका हुन् ।

सामाजिक विषयवस्तुमा आधारित फिल्मको छायांकन शिशिर बिसंखेले गरेका हुन् भने सम्पादन जीवन थापाले गर्नेछन् । यसमा मनोज थापा मगर र सागर आलेको संगीत, मनोज थापा मगरको पार्श्व संगीत, सागर आले र शान्तिश्री परियारको स्वर तथा प्रदीप लामाको कोरियोग्राफी रहेको छ । यो फिल्मको दोस्रो भाग पनि निर्माण हुने जनाइएको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.नं. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ८,
२०८३ साल भदौ ३० गते मंगलबार
15 SEPTEMBER 2026, TUESDAY

# बिवाइडी र साइमेक्सद्वारा ७ करोड सहयोग



काठमाडौं- बाढी प्रभावितको राहत तथा पुनःस्थापनाका लागि बिवाइडी र नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले सरकारलाई ७ करोड रुपैयाँ सहयोग गरेका छन् ।

साइमेक्स इंकका अध्यक्ष अनिल श्रेष्ठले सहयोग रकमको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् ।

साइमेक्स इंककी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले रसुवा कम्पनीको यात्रासँग जोडिएको महत्वपूर्ण स्थान भएकाले त्यहाँ आएको विपत्तिले आफूहरूलाई दुःखी बनाएको बताइन् । उनले कठिन समयमा प्रभावित परिवार, उद्धार तथा राहत कार्यमा सहयोग गर्न बिवाइडी र साइमेक्सले सक्दो पहल गर्ने बताइन् ।

उनले भनिन्, “रसुवाले हाम्रो यात्रालाई सुरु गर्न साथ दिएको थियो । आज रसुवालाई हाम्रो साथ चाहिएको बेला हामी पछाडि हट्ने छैनौं ।”

कम्पनीले बाढी प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि आगामी दिनमा पनि निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

# भोटेकोशी बाढी प्रभावित व्यवसायीलाई पुनरुत्थान प्याकेज स्वागतयोग्य : नाडा

काठमाडौं- भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित उद्योग, व्यापार तथा व्यवसायको पुनरुत्थानका लागि नेपाल सरकारले बिहीबार गरेको निर्णयप्रति नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (नाडा) हार्दिक स्वागत गर्दछ ।

सरकारले बाढी प्रभावित निजी क्षेत्रलाई लक्षित गरी भन्सार तथा कर छुट, कर्जा पुनर्संरचना तथा पुनतालिकीकरण, ब्याजदरमा सहुलियत, थप कर्जाको व्यवस्था तथा बीमा दाबी भुक्तानीलाई सहज बनाउने निर्णय गरेको छ । विपद्बाट प्रभावित व्यवसायलाई तत्काल राहत दिँदै पुनः सञ्चालनको वातावरण बनाउन सरकारले लिएको यो कदम अत्यन्त सकारात्मक र स्वागतयोग्य रहेको नाडाको धारणा छ ।

विशेषगरी बाढीका कारण पूर्णरूपमा क्षतिग्रस्त वा बगाएर हराएका व्यावसायिक सवारी तथा ढुवानीका साधनको दर्ता खारेज गरी सोही प्रकृतिका साधन पुनः आयात गर्दा भन्सार महसुल छुट दिने निर्णयले अटोमोबाइल तथा ढुवानी व्यवसायीलाई ठूलो राहत पुग्ने नाडा विश्वास गर्दछ । त्यस्तै, क्षतिग्रस्त मेशिनरी तथा उपकरण पुनः आयातमा दिइएको सहुलियत पनि पुनःस्थापनाका लागि महत्वपूर्ण छ ।

बाढी प्रभावित ऋणीलाई कर्जा पुनर्संरचना, पुनतालिकीकरण तथा ब्याजमा सहुलियत दिने निर्णयले व्यवसायीमाथिको तत्कालीन वित्तीय दबाब कम गर्नेछ । साथै, क्षतिग्रस्त सवारी तथा उपकरण पुनः खरिदका लागि कर्जा उपलब्ध गराउने व्यवस्था व्यवसायको निरन्तरताका लागि महत्वपूर्ण रहेको नाडाको निष्कर्ष छ ।

नाडा अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीलेका अनुसार, “विपद्पछि निजी क्षेत्रलाई पुनः उठाउन सरकारले कर, भन्सार, कर्जा, ब्याज र बीमालाई एकीकृत रूपमा सम्बोधन गर्नु अत्यन्त सकारात्मक कदम हो । यसले प्रभावित व्यवसायीलाई पुनः व्यवसायमा फर्किन महत्वपूर्ण आधार प्रदान गर्नेछ ।”

नाडा सरकारको निर्णयको शीघ्र, सरल र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई आग्रह गर्दछ । साथै, वास्तविक क्षतिको अध्ययन गरी आवश्यकताअनुसार दोस्रो चरणको पुनरुत्थान प्याकेजसमेत ल्याउन नाडा सरकारसँग आग्रह गर्दछ । नाडाका अध्यक्ष सुरेन्द्र कुमार उप्रेतीद्वारा जारी गरिएको बिज्ञप्तिमा उल्लेख छ ।

# सिप्रदी र भोटेकोशी पावरद्वारा ५ करोड १ लाख सहयोग



काठमाडौं । विनाशकारी बाढीबाट प्रभावित समुदायको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सिप्रभ्य समूहअन्तर्गतका सिप्रदी र भोटेकोशी पावर कम्पनीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ करोड १ लाख रुपैयाँ सहयोग गरेका छन् ।

उक्त रकम बाढी प्रभावित परिवारको उद्धार तथा राहत, स्वास्थ्य उपचार र क्षतिग्रस्त पूर्वाधारको पुनःस्थापनामा उपयोग हुने अपेक्षा गरिएको छ । यसैबीच, समूहअन्तर्गतको सिप्रदियन सहायता संस्थाले पनि प्रभावित समुदायमा प्रत्यक्ष राहत तथा सहयोग कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । संस्थाका प्रतिनिधिहरूले स्थानीय आवश्यकता पहिचान गरी खाद्यान्न, अत्यावश्यक राहत सामग्री तथा अन्य आधारभूत सामग्री वितरण गरिरहेका छन् । सिप्रभ्य समूहले विपद्को कठिन समयमा प्रभावित समुदायसँग ऐक्यबद्ध भएर राहत, उद्धार तथा पुनःस्थापनाका कार्यमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# क्र्यास टेस्टमा ५ स्टार पाएको आयोन युटी नेपाल भित्रिँदै

काठमाडौं- नेपालमा आयोनको आधिकारिक वितरक सीजी मोटर्सले आफ्नो लाइनअपमा नयाँ मोडेल थप्न लागेको छ । कम्पनीले हालसम्म नेपाली बजारमा आयोन वाई र आयोन भी बिक्री गर्दै आएको छ । जसमध्ये आयोन भी ले ग्राहकबाट उल्लेख्य रुचि र माया पाएको छ । अब उही ब्राण्डको नयाँ इलेक्ट्रिक ह्याचब्याक आयोन युटी नेपाल भित्रिँदैछ ।

आयोन युटी त्यही मोडेल हो, जसले भर्खरै युरोपियन न्यू कार एसेसमेन्ट प्रोग्राम (युरो एनक्याप) को क्र्यास टेस्टमा ५ स्टार सुरक्षा रेटिङ हासिल गरेको छ ।

सेप्टेम्बर ३ मा सार्वजनिक भएको रिपोर्ट अनुसार युटीले दुर्घटना सुरक्षामा ९१ प्रतिशत, दुर्घटनापछिको सुरक्षामा ८८ प्रतिशत, दुर्घटना रोकथाममा ७४ प्रतिशत र सुरक्षित ड्राइभिङमा ६६ प्रतिशत अंक प्राप्त गरेको छ । युरोपजस्तो कडा सुरक्षा मापदण्ड भएको बजारमा पाएको यो नतिजाले युटीको गुणस्तर पुष्टि गरेको कम्पनीको भनाइ छ ।

आयोन भीकै एईपी ३.० प्लेटफर्ममा बनेको युटी ४,२७० मिलिमिटर लामो, १,८५० मिलिमिटर चौडा र १,५७५ मिलिमिटर अग्लो छ ।

२,७५० मिलिमिटरको लामो ह्वीलबेसका कारण ह्याचब्याक आकारमै एसयूभीस्तरको केबिन स्पेस पाइने कम्पनीको दाबी छ । अन्तर्राष्ट्रिय बजारमा यो एलएफपी ‘म्यागजिन ब्याट्री’ सहित उपलब्ध छ भने भेरियन्टअनुसार एकपटकको चार्जमा ३३५ देखि ४३० किलोमिटरसम्म (डब्ल्यूएलटीपी) रेन्ज दिन्छ ।

नेपालमा आउने भेरियन्ट, ब्याट्री प्याक, रेन्ज र मूल्यसम्बन्धी विवरण सीजी मोटर्सले चाँडै सार्वजनिक गर्ने जनाएको छ ।




# एमएडब्लू ग्रुपद्वारा विपद् कोषमा १ करोड ११ लाख सहयोग



काठमाडौं । एमएडब्लू ग्रुपले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ करोड ११ लाख रुपैयाँ सहयोग गरेको छ । बाढीपहिरोलगायत प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको हो ।

एमएडब्लू ग्रुपका अध्यक्ष विष्णु कुमार अग्रवालले कठिन परिस्थितिमा कम्पनी सधैं राष्ट्र र नेपाली जनताको साथमा उभिँदै आएको बताए । उनले विपद्बाट प्रभावित परिवारलाई केही राहत पुग्ने विश्वास व्यक्त गरे । कम्पनीले बाढीका कारण ज्यान गुमाएका परिवारप्रति समवेदना व्यक्त गर्दै घर तथा जीविकोपार्जनका साधन गुमाएका नागरिकप्रति सहानुभूति जनाएको छ । एमएडब्लू ग्रुपले आगामी दिनमा पनि नेपाल र नेपाली जनताको साथमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## ओमोडा र जेइकुका गाडी कोरला नाकाबाट ल्याइँदै

काठमाडौं- नेपालमा ओमोडा र जेइकुको आधिकारिक वितरक एसपीजी अटोमोबाइल्स प्रालिले ओमोडा र जेइकुका नयाँ गाडी मुस्ताङको कोरला नाकाबाट ल्याउन सुरु गरेको छ । गाडीहरू चाँडै ग्राहकसम्म पुग्ने क्रममा रहेको कम्पनीले जनाएको छ ।

भोटेकोशीको बाढीपछि रसुवागढी नाकाको सडकमार्ग अवरोध भएको छ । कम्पनीले वैकल्पिक मार्गका रूपमा कोरला नाका प्रयोग गरेको हो । यससँगै गाडीको डेलिभरी प्रक्रियालाई निरन्तरता दिइएको कम्पनीले जनाएको छ । नाइमा मोबिलिटी एक्स्पो तथा नाडा अटो शोमा बुकिङ गरेका ग्राहकलाई चाँडै गाडी उपलब्ध गराइने कम्पनीले जनाएको छ ।

ओमोडा र जेइकुको उत्पादन पोर्टफोलियोमा आधुनिक डिजाइन, अत्याधुनिक प्रविधि, प्रिमियम कम्फर्ट तथा उन्नत सुरक्षा प्रविधिको संयोजन रहेको कम्पनीले जनाएको छ ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसाग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं ।

प्रविधिको सही प्रयोग गरौं,
मानविय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार